# प्रभाव दैनिक
National Daily

वर्ष ११ अंक १५४ काठमाडौं सोमबार, ०७ असोज २०८१ Prabhab National Daily Monday, September 23, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**डेंगीबाट बच्ने उपायहरू**

- लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्छ ।
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाडाँलाई छोपेर राखौं।
- लामखुट्टे भगाउने धुप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अँध्यारा कुना-काप्चामा कीटनाशक औषधी छर्कने गरौं ।
- कम्तिमा हप्ताको एकपटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


प्रधानमन्त्री ओली र महासचिव गुटेरेसबीच भेटवार्ता

## 'ग्रिन हाउस' उत्सर्जनमा भारी कटौती गर्नुपर्नेमा एकमत

**न्युयोर्क (अमेरिका)**– संयुक्त राष्ट्रसंघको ७९औं महासभामा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्वसहित यहाँ आएका प्रधानमन्त्री केपी शर्मा ओली र संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसबीच ग्रिन हाउस (हरितगृह) उत्सर्जनमा भारी कटौती गर्नुपर्नेमा समान धारणा देखिएको छ ।

अमेरिकाको न्युयोर्कस्थित राष्ट्रसंघको मुख्यालयमा आइतबार भएको भेटवार्तामा महासचिव गुटेरेसले नेपालमा हिमालहरू पग्लिने र त्यसबाट हुने क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय समुदायसमक्ष आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले ग्रिनहाउस ग्यास उत्सर्जनमा भारी कटौती र कमजोरीहरू सम्बोधनसहित नेपालजस्ता पर्वतीय देशहरूको जलवायु वित्त पर्याप्त हुनुपर्नेमा जोड दिएका थिए ।

गत वर्ष आफ्नो नेपाल भ्रमणका क्रममा नेपाल सरकार र नेपाली जनताले देखाएको सदासयताप्रति आभार व्यक्त गर्दै महासचिव गुटेरेसले अतिकम विकसित देशलगायत विकासशील देशले कार्बन उत्सर्जन न्यूनीकरण र रोकथाममा ध्यान केन्द्रित गर्न अन्तर्राष्ट्रिय क्षेत्रमा गहन सुधारको आवश्यकतामा जोड दिएको भेटमा सहभागी राष्ट्रसंघका लागि नेपाली स्थायी नियोगका प्रतिनिधि (राजदूत) लोकबहादुर थापाले जानकारी दिए ।

विकासशील देशहरूले उन्नत वित्तीय सहायताका लागि वित्तीय संरचना सरलीकृत गर्न राष्ट्रसंघले पहल गर्ने विश्वास दिलाउँदै महासचिव गुटेरेसले संयुक्त राष्ट्रसंघको शान्ति कार्यमा नेपाली शान्ति सैनिकको योगदानको उच्च प्रशंसा गरेका थिए ।

जवाफमा प्रधानमन्त्री ओलीले नेपाल भ्रमण गरेकामा कृतज्ञता व्यक्त गर्दै नेपालले जलवायु न्याय पाउनुपर्ने र यसमा पहलका लागि आग्रह गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)



### उच्चस्तरीय भेटवार्तामा प्रधानमन्त्री

**काठमाडौं (प्रस)**– संयुक्त राष्ट्रसंघको मुख्यालयमा जारी महासभाको ७९औं अधिवेशनमा भाग लिन संयुक्त राज्य अमेरिकाको न्युयोर्क भ्रमणमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले शनिबारदेखि उच्चस्तरीय भेटवार्ता सुरु गरेका छन् । उनी नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही असोज ४ गते त्यसतर्फ प्रस्थान गरेका हुन् ।

सोही क्रममा शनिबार साँझ प्रधानमन्त्री ओली र संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनियो गुटेरेसबीच भेटवार्ता भएको छ । सो अवसरमा प्रधानमन्त्री ओलीले केही समयअघि नेपाल भ्रमण गरेकामा महासचिव गुटेरेसप्रति कृतज्ञता व्यक्त गर्दै नेपालले जलवायु न्याय पाउनुपर्ने र यसमा पहलका लागि आग्रह गरेका थिए । जवाफमा महासचिव गुटेरेसले नेपालमा हिमालहरू पग्लिने र त्यसबाट हुने क्षतिपूर्तिका लागि अन्तर्राष्ट्रिय समुदायसमक्ष आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यसअघि प्रधानमन्त्री ओलीसँग राष्ट्रसंघको अल्पविकसित, भूपरिवेष्ठित, विकासोन्मुख र साना टापु मुलुकका लागि प्रतिनिधिसमेत रहेका उपमहासचिव रवाब फतिमाले नेपाली नियोगको कार्यालयमा भेट गरेका थिए ।

(क्रमशः पृष्ठ २ मा)

सहकारीको बचत अपचलन प्रकरण

# पूर्वडिआइजी जोशी पक्राउ

- रवि लामिछानेलाई पक्राउ गर्ने प्रहरीको तयारी
- पक्राउ गरे प्रतिवाद गर्ने लामिछानेको चेतावनी

**जेबी योञ्जन**

**काठमाडौं**– सहकारी ठगी प्रकरणको छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले बुझाएको प्रतिवेदन कार्यान्वयन गर्न गृहमन्त्री रमेश लेखकले प्रहरीलाई निर्देशन दिएको केही घण्टामै पूर्वडिआइजी छविलाल जोशी पक्राउ परेका छन् ।

जरुरी पक्राउ पुर्जी जारी गराएर उनलाई पक्राउ गरिएको हो । प्रहरी स्रोतका अनुसार जोशी भाग्ने तयारीमा थिए । त्यही भएर अदालतबाट जरुरी पक्राउ पुर्जी जारी गराएर पक्राउ गरिएको प्रहरी स्रोतको दाबी छ ।

जोशी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछानेका पूर्वव्यावसायिक साझेदार हुन् । गितेन्द्रबाबु (जिबी) राईसँगै जोशी र लामिछाने मिलेर गोरखा मिडिया नेटवर्क प्रालिमार्फत ग्यालेक्सी टेलिभिजन सञ्चालन गरेका थिए । सोही मिडियामा देशका विभिन्न सहकारीको बचत रकम ल्याएर अपचलन गरेको संसदीय छानबिन विशेष समितिको निष्कर्ष थियो । उक्त निष्कर्षसहितको प्रतिवेदनलाई आइतबार कार्यान्वयन गर्न प्रहरीलाई गृहमन्त्री लेखकले निर्देशन दिएका थिए ।



रवि लामिछाने



छविलाल जोशी

लगत्तै जोशी पक्राउ परेका हुन् । त्यसपछि सभापति लामिछाने आत्तिएको देखिन्छ । उनले आइतबार नै काठमाडौं उपत्यकास्थित पार्टीका नेता कार्यकर्तालाई तत्काल पार्टी कार्यालय वनस्थलीमा जम्मा हुन भनेका थिए । आइतबार साँझ कार्यकर्ताको भीड रास्वपा कार्यालयमा बाक्लो भयो । भीडकै कारण प्रहरी वृत्त बालाजु र सोह्रखुट्टेबाट प्रहरी नायव उपरीक्षक (डिएसपी) नेतृत्वमा ठूलो संख्यामा प्रहरी टोली रास्वपा कार्यालय वनस्थली पुगेको थियो ।

कार्यालयपरिसरमा भेला भएका कार्यकर्ताले भने सरकारविरोधी नाराबाजी गरेका थिए । कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले लामिछानेलाई पक्राउ गर्न सक्ने भएपछि सरकारको कडा शब्दमा आलोचना गरेका थिए । उनले सरकार निरंकुश बन्न खोजेको टिप्पणी गरे । सामाजिक सञ्जाल फेसबुकमा आइतबार साँझ उनले लेखे, 'घोर निरंकुश षडचन्त्रविरुद्ध निलो क्रान्ति ।'

(क्रमशः पृष्ठ २ मा)

### प्रतिवादमा लामिछाने

रास्वपा सभापति रवि लामिछानेले आफूलाई पक्राउ गर्ने निर्णय भए प्रतिवाद गर्ने चेतावनी दिएका छन् । पार्टी कार्यालयमा आइतबार साँझ जम्मा भएका नेता कार्यकर्तालाई सम्बोधन गर्दै लामिछानेले जेल पठाउनेगरी निर्णय भए सीधै प्रतिवाद गर्ने बताएका हुन् ।

'ध्यान बचत फिर्ता गराउनेमा छैन, यिनको ध्यान रवि लामिछानेलाई जेल पठाउनेमा छ, रास्वपालाई सिध्याउनेमा छ । जुन हामी हुनै दिँदैनौ । कुनै हालतमा हुन दिदैनौं,' उनले भने ।

आफूलाई पक्राउ गर्नसक्ने संकेत दिदै सभापति लामिछानेले कार्यकर्तालाई 'अलर्ट' रहन निर्देशन दिए । 'मलाई भरोसा छैन, यो सरकारले जे पनि गर्न सक्छ । यो सरकार दुईतिहाइको छ । तयार भएर रहनुहोला, अलर्टमा रहनु होला र सरकारले हेक्का राखोस् कि म मान्छे बेचेर संसद् आएको होइन,' उनले भने । सरकारले षडचन्त्रपूर्वक तरिकाले पक्राउ गर्नसक्ने भएकाले हरेक हिसाबले लड्न तयार भएको पनि उनले बताए । सरकारविरुद्ध लडेर जित्ने पनि उनले दाबी गरे ।

## मेडिकल व्यवसायी प्रसाईं पक्राउ

**काठमाडौं (प्रस)**– विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाईं पक्राउ परेका छन् । एक महिलाले दिएको जाहेरीका आधारमा आइतबार उनलाई प्रहरीले पक्राउ गरेको हो । सामाजिक सञ्जालमा आफ्नो चरित्रहत्या गरेको भन्दै प्रसाईंविरुद्ध ती महिलाले अघिल्लो साता नेपाल प्रहरीको साइबर ब्युरोमा जाहेरी दिएकी थिइन् । युटचुबरलाई दिएको अन्तर्वार्तामा प्रसाईंले जाहेरीकर्ता महिलालाई लक्षित गरी 'जापानमा वेश्यावृत्ति गर्ने महिला' भनेका थिए ।

जाहेरीअनुसार साइबर ब्युरोले गत बुधबार प्रसाईंलाई पक्राउ गर्न जिल्ला अदालत काठमाडौंबाट अनुमति लिएको थियो । त्यसयता पनि प्रसाईंले विभिन्न युटचुब च्यानलमार्फत आफूलाई समाएर देखाउन चुनौती दिँदै आएका थिए । बुधबार भने उनी पक्राउ परेका हुन् । उनलाई तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतले प्रहरीलाई अनुमति दिएको छ । संविधानमा चरित्र हत्या गरेको पुष्टि भए छ वर्षसम्म जेल सजाय हुने व्यवस्था छ ।



**सन्दर्भ: वैदेशिक रोजगार**

## म्यानपावरको शाखा कार्यालय नवीकरण गर्न असोज मसान्तसम्मको अल्टिमेटम

**प्रभाव संवाददाता**

**काठमाडौं**– वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीका शाखा कार्यालय असोज मसान्तभित्र नवीकरण गर्न अल्टिमेटम दिएको छ । विभागले आइतबार एक सूचना जारी गर्दै म्यानपावर कम्पनीहरूले आफ्ना शाखा कार्यालय नवीकरण गर्न असोज मसान्तभित्र आवश्यक कागजातसहित निवेदन दिनुपर्ने उल्लेख गरेको छ। वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अनुमति लिएका म्यानपावर कम्पनीहरूको स्वदेशमा शाखा कार्यालय सञ्चालनसम्बन्धी कार्यविधि-२०७९ अनुसार असोज मसान्तभित्र नवीकरण गर्नुपर्ने विभागले उल्लेख गरेको छ । सोहीअनुसार म्यानपावरका शाखा कार्यालयको नवीकरण गर्न गराउन आग्रह गरिएको विभागले जनाएको छ ।

कार्यविधिमा उल्लेख भए अनुसार म्यानपावरको शाखा कार्यालय नवीकरणका लागि एक हजार रूपैयाँ शुल्क लाग्ने बताइएको छ । त्यस्तै शाखा नवीकरणका लागि अनुमति प्राप्त म्यानपावर कम्पनीको दर्ता प्रमाणपत्र (नवीकरण), अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, शाखा कार्यालय सञ्चालन अनुमतिपत्रको प्रतिलिपि, शाखा कार्यालय नवीकरण गर्नेसम्बन्धी सञ्चालक समितिको निर्णय पेस गर्नुपर्ने विभागले उल्लेख गरेको छ ।




यसैगरी नवीकरणसम्बन्धी निवेदन, शाखा दर्ता गर्दा पेस गरेको नगद धरौटीको प्रतिलिपि, बैंक ग्यारेन्टीको प्रतिलिपि, शाखा प्रमुख र अन्य कर्मचारीको विवरण र नियुक्ति पत्र, शाखा कार्यालय रहने घरको घर बहाल सम्झौता र बहाल कर तिरेको रसिदको प्रतिलिपि पेस गर्नुपर्ने विभागले जनाएको छ। हाल वैदेशिक रोजगारसम्बन्धी कार्य गर्ने १५० भन्दा बढी म्यानपावर कम्पनीहरूले देशका विभिन्न सहरमा शाखा कार्यालय खोलेका छन् । उनीहरूको विस्तृत विवरण राख्न र अद्यावधिक गराउन पनि नवीकरण अनिवार्य भएको विभागले जनाएको छ ।

त्यस्तै विभागले अर्को एक सूचना जारी गर्दै जापान इन्टरनेसनल ट्रेनिङ एण्ड को-अपरेसन अर्गनाइजेसन (जिटको) अन्तर्गत नेपाली प्राविधिक प्रशिक्षार्थी कामदार जापान पठाउन अनुमतिका लागि सूचीकरणमा पर्न सफल भएका म्यानपावर कम्पनीहरूलाई पनि यथाशीघ्र विभागमा सम्पर्क गर्न आग्रह गरेको छ । विभागले गत असार ३१ गते जिटकोको अनुमति लिन चाहने म्यानपावर कम्पनीहरूलाई सूचीकरणको लागि आवेदन माग गरेको थियो । तसर्थ प्राप्त आवेदनहरूको मूल्यांकन गरी योग्य म्यानपावरहरूको सूचीकरण गर्ने निर्णय भएको विभागले उल्लेख गरेको छ ।

जिटकोअन्तर्गत जापान जाने प्रशिक्षार्थी कामदारले औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि, सहकारी सामुदायिक संघसंस्था, होटल, पर्यटन व्यवसायलगायतका सेवा तथा वस्तु उत्पादनका क्षेत्रमा न्यूनतम दुई वर्षको अनुभव हासिल गरेको हुनुपर्ने विभागले जनाएको छ । वैदेशिक रोजगार ऐन तथा नियमावली २०६४ र नेपाली प्राविधिक प्रशिक्षार्थी कामदार जापान पठाउनेसम्बन्धी निर्देशिका, २०६६ बमोजिम तोकिएको शुल्क र कागजातसहित आवेदन दिएका म्यानपावर कम्पनीहरूलाई विभागले जिटकोमा सूचीकरण गर्दै आएको छ ।

## साउदीले थप ६४ जनालाई दियो 'एक्जिट भिसा'

काठमाडौं (प्रस)- साउदी अरेबियाले रोजगारीका क्रममा विभिन्न समस्या झेलिरहेका थप ६४ जना नेपाली श्रमिकलाई बहिर्गमन 'एक्जिट' भिसा दिएको छ । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले. हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका उनीहरूलाई एक्जिट भिसा दिएको हो।

गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ । एक्जिट भिसा दिन थालेयता चार हजार ५०० भन्दा बढी नेपाली स्वदेश फर्किइसकेको दूतावासले जनाएको छ ।

एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ। तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ । इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ। साथै भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ।

यदि कुनै पनि अवस्थामा अप्ठ्यारोमा परेका नेपालीहरूलाई आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्दास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न दूतावासले आग्रह गरेको छ ।



पृष्ठ १ बाट क्रमशः

## पूर्वडिआइजी जोशी ...

पार्टी संसदीय दलका उपनेता विराजभक्त श्रेष्ठले लामिछानेलाई पक्राउको गल्ती नगर्न प्रहरी प्रशासनलाई चेतावनी दिए । तर, प्रहरीको ठूलो भीड पार्टी कार्यालयमा देखापरेपछि पक्राउ पर्नसक्ने भन्दै कानुनी परामर्श पनि गरिरहेको उनको थियो । विभिन्न दलका शीर्ष नेताहरूलाई पनि लामिछानेलाई पक्राउ नगर्न भनिएको श्रेष्ठको भनाइ थियो ।

लामिछानेसहितका नेता पार्टी कार्यालयभित्र लामो समय छलफलमा व्यस्त भए । त्यहीबेला प्रांगणमा पक्राउ तयारीको विरोधमा नाराबाजीसमेत भएको थियो । तर, प्रहरीका उच्च अधिकारीहरूका अनुसार रविलाई आज (सोमबार) पक्राउ गर्ने सम्भावना बढी छ। ती उच्च अधिकृत भन्छन्, 'सूर्यदर्शन सहकारीको रकम अपचलनबारे दोस्रो चरणको अनुसन्धान सुरु भएको छ । छविलालको बयान लिएपछि थप अनुसन्धान अघि बढ्छ र त्यसपछि लामिछानेलाई पक्राउ गर्छौं ।'

सहकारीका संस्थापक अध्यक्ष राई, लामिछाने र जोशीका व्यापारिक साझेदार हुन् । उनीहरूले सञ्चालन गरेको गोरखा मिडिया नेटवर्कमा पाँचवटा सहकारीबाट ६५ करोड ५४ लाख रूपैयाँ अवैध तरिकाले आएको सूर्य थापा नेतृत्वको संसदीय विशेष छानबिन समितिको निष्कर्ष छ ।

राजनीतिमा आउनुअघि लामिछाने गोरखा मिडिया नेटवर्कका निर्देशक थिए । त्यसबेला सहकारीबाट अवैध तरिकाले ल्याएको करोडौं रकम उनको हस्ताक्षरबाट चेक काटिएको पाइएको छ । जोशीसँग प्रारम्भिक बयान लिएर प्रहरीले लामिछानेलाई पक्राउ गर्ने तयारी गरेको छ । आइतबार गृहमन्त्री लेखकले संसदीय छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न आइजिपी वसन्त कुँवरलाई निर्देशन दिएका थिए ।

मन्त्री लेखकको निर्देशनपछि पूर्वडिआइजी जोशीलाई उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले बानेश्वरबाट पक्राउ गरेर कास्कीमा पठाएको छ । रवि लामिछानेविरुद्ध प्रहरीले पूरक अभियोग लैजाने भएको छ । संसदीय छानबिन समितिको सिफारिसको आधारमा पूरक अभियोगको तयारी गर्न कास्की प्रहरीलाई प्रहरी प्रधान कार्यालयले निर्देशन दिएको छ । कास्कीको पोखरा उपमहानगरपालिका वडा नम्बर-५ स्थित सूर्यदर्शन सहकारीको रकम हिनामिनामा लामिछाने र पूर्वउपराष्ट्रपति पुत्र दीपेश पुन पनि संलग्न रहेको भन्दै पीडितहरूले यसअघि नै पूरक उजुरी दिएका थिए । सो उजुरीको आधारमा पोखरा उपमहानगरपालिकाले रकम अपचलनबारे अध्ययन गरेर प्राविधिक प्रतिवेदन प्रहरीलाई दिइसकेको छ ।

सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडिया नेटवर्क प्रालिको खातामा आएपछि सो रकम खर्च गर्ने र गराउने प्रक्रियामा लामिछाने संलग्न रहेको संसदीय छानबिन समितिको ठहर छ । समितिको सिफारिसअनुसार गोरखा मिडियाका सञ्चालक कुमार रम्तेल, जोशी र प्रबन्ध निर्देशक लामिछानेविरुद्ध पूरक अभियोग लैजान लागिएको हो । अध्यक्ष राईविरुद्धको मुद्दा कास्की जिल्ला अदालतमा विचाराधीन छ । उनलाई पक्राउ गर्न इन्टरपोलबाट 'रेड नोटिस' जारी गरिएको छ । सूर्यदर्शन सहकारीका कोषाध्यक्ष रम्तेल यसअघि नै पक्राउ परेका थिए । अहिले उनी मुद्दा पुर्पक्षका लागि थुनामा छन् ।

सूर्यदर्शनको एक अर्ब आठ करोड रूपैयाँ हिनामिना भएको प्रहरीको अनुसन्धान निष्कर्ष छ । जहाँ रास्वपा सभापति लामिछानेको भूमिका औंल्याइएको छ । उनलाई काठमाडौं प्रहरीले पक्राउ गरेर पोखरा लैजाने तयारी गरेको छ तर लामिछाने सांसद भएकाले प्रहरीले अन्य प्रक्रिया मिलाउनुपर्ने हुन्छ ।

प्रहरीले पक्राउ तयारी गरेसँगै रास्वपा सभापति लामिछानेमाथि राजनीतिक संकट चुलिएको छ । गोरखा मिडिया नेटवर्कमा गएको सहकारी रकम अपचलनमा उनी पनि दोषी रहेको सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समितिले प्रतिवेदनमा उल्लेख गरेको छ ।

पार्टी खोलेको २७ महिनामै लामिछाने दोस्रोपटक गिरफ्तारीको सँघारमा पुगेका छन् । यद्यपि, अदालतबाट प्रमाणित नहुँदासम्म उनको सांसद पद भने सुरक्षित रहने छ । २०७९ पुस ११ देखि माघ १३ र २०८० फागुन २३ देखि असार २८ सम्म दुईपटक गृहमन्त्री बनेका उनले पहिलोपटक नागरिकता प्रकरणमा सांसद पद गुमाएका थिए । लामो समय अमेरिका बसेर नेपाल फर्किएका उनले नेपाली नागरिकता ब्युँताउने प्रक्रिया नै नगरी २०७९ मंसिर ४ गतेको चुनावमा उम्मेदवार बनेका थिए ।

गत वर्षका १३ माघमा अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकता ब्युँताउने प्रक्रिया नअपनाएको भन्दै सर्वोच्च अदालतले २०७९ मा खारेज भएको फैसला सुनायो । नागरिकता ऐनअनुसार, विदेशी नागरिकता त्यागेपछि नेपाली नागरिकता ब्युँताउन सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ । त्यसरी एकपछि अर्को प्रकरणमा लामिछाने चुक्दै गएका छन् । हालै सम्पन्न रास्वपाको दुई दिने भेलामा पेस गरेको राजनीतिक प्रतिवेदनमा लामिछानेले आफ्नो व्यक्तिगत मामलाको भार सिंगो पार्टीले बेहोर्नुपरेको बताएका थिए ।

●●●

## ग्रिन हाउस...

उनले अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न योगदान गरिरहेका नेपाली शान्ति सेनालाई राष्ट्रसंघको उच्चतम् पद उपलब्ध गराउन आग्रह गरे । प्रधानमन्त्री ओलीले नेपालको खुम्बु क्षेत्रमा हालै गएको हिम पहिरोप्रति राष्ट्रसंघ र अन्तर्राष्ट्रिय समुदायको चासोका लागि पनि धन्यवाद दिँदै नेपालले चाँडै 'हिमालय इकोसिस्टम'को एजेण्डासहित सगरमाथा संवादको आयोजना गर्ने जानकारी गराउनुभयो । उनले उक्त संवादमा सहभागी हुन महासचिव गुटेरेसलाई निमन्त्रणासमेत दिए ।

'समृद्ध, नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षासहित मुलुकको आर्थिक रूपान्तरण गरी अल्पविकासित मुलुकबाट स्तरोन्नति हुने क्रममा नेपाल रहेको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले दिगो विकास लक्ष्यहरू हासिलका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपेक्षासमेत व्यक्त गरे । रासस

●●●

## उच्चस्तरीय भेटवार्तामा...

आइतबार साँझ 'द समिट अफ द फ्युचर'को एक सत्रमा प्रधानमन्त्री ओलीले सहअध्यक्षता गरेका छन् । उनले प्लेनरी सत्रमा सम्बोधनसमेत गरे । प्रधानमन्त्री ओलीसँग आइतबार नै संयुक्त राष्ट्रसंघको मानवअधिकार आयुक्तले पनि शिष्टाचार भेट गरेका छन् । यसैगरी भुटानका प्रधानमन्त्री डाशो छिरिङ तोग्बेसँग द्विपक्षीय बैठक हुने तालिका रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ । त्यसपछि प्रधानमन्त्री ओली र कुवेतका युवराज शेख सबाह अल-खालेद अल-हमद अल-मुबारक अल-सबाहसँग द्विपक्षीय बैठक हुने छ ।

प्रधानमन्त्री ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीबीच द्विपक्षीय भेटवार्ता हुने तालिका छ । उनीहरूको भेटलाई महत्त्वका साथ हेरिएको छ । गत असार ३० गते प्रधानमन्त्रीमा नियुक्त भएपछि ओलीको यो पहिलो विदेश भ्रमण हो । उक्त भेटमा नेपाल-भारत सम्बन्धका विविध विषयमा छलफल हुने बताइएको छ । आज सोमबार प्रधानमन्त्री ओलीले युनिसेफ भवनमा हुने 'लिड-फ्रि फचुचर, पार्टनरसिप लञ्च' कार्यक्रमलाई सम्बोधन गर्ने छन् । सोही दिन उनले कोलम्बिया विश्वविद्यालयमा आयोजना हुने 'नेपालको प्रजातन्त्र र आर्थिक समृद्धिको यात्रा'को कार्यक्रममा मुख्यवक्ताका रूपमा सम्बोधन गर्नुका साथै नेपाली विद्यार्थीसँग अन्तरक्रिया गर्ने छन् ।

भोलि मंगलबार बिहान प्रधानमन्त्री ओली महासभाको छलफलमा सहभागी हुने छन् । सोही दिन दिउँसो नेपालको स्थायी नियोगको कार्यालयमा उनी र युएसएआइडीका प्रशासक सामान्थ पावरबीच भेटवार्ता हुने छ । सोही दिन नै प्रधानमन्त्री ओली र युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिचेलसँग, सामोअका प्रधानमन्त्री फिमे नाओमीसँग तथा फिनल्याण्डको राष्ट्रपति र प्रधानमन्त्रीसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता हुने तालिका छ ।

बुधबार प्रधानमन्त्री ओली र एमसिसीका प्रमुख कार्यकारी अधिकृत एलिस अलब्राइटबीच शिष्टाचार भेट हुने छ । उनले 'समुद्री सतह वृद्धिबाट उत्पन्न अस्तित्व खतरा' विषयक समूहगत उच्चस्तरीय बैठकलाई सम्बोधन गर्ने छन् । सोही क्रममा प्रधानमन्त्री ओली र बंगलादेशका प्रमुख सल्लाहकारबीच द्विपक्षीय भेटवार्ता हुने छ । प्रधानमन्त्री ओली बुधबार अमेरिकी राष्ट्रपति जो बाइडेनले आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुने छन् ।

बिहीबार प्रधानमन्त्री ओली र कतारका प्रधानमन्त्री, पाकिस्तानका प्रधानमन्त्री तथा लाओसका प्रधानमन्त्रीबीच छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता हुने छ । सोही दिन प्रधानमन्त्री ओली र महासभाका अध्यक्ष फिलिमेन याङबीच बैठक हुने छ भने प्रधानमन्त्री ओलीले संयुक्त राष्ट्रसंघ महासभामा विशेष सम्बोधन गर्ने तालिका छ । असोज ११ गते शुक्रबार प्रधानमन्त्री ओलीले हार्वर्ड विश्वविद्यालयमा जोन एफ केनेडी जुनियर फोरममा 'नेपालको परिप्रेक्ष्य: संक्रमणकालीन न्यायबाट जलवायु न्याय' विषयक कार्यक्रमलाई सम्बोधन गर्ने तालिका छ । त्यस्तैगरी उनी वासिङ्टनस्थित नेपाली दूतावासले आयोजना गर्ने स्वागत समारोहमा सहभागी हुने छन् ।

# 'आदिवासी ज्ञानले बाढीसम्बन्धी पूर्वसूचना दिनसक्छ'

**काठमाडौं (प्रस)**– संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जलवायु परिवर्तनका कारण बाढी, डढेलो, खडेरी तथा समुद्र सतह वृद्धिजस्ता प्राकृतिक प्रकोप बढिरहेका बेला भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाले तिनको सामना गर्न शक्ति, एकता र सहनशीलता प्रदान गर्ने गरेको बताएका छन् ।

त्रिभुवन विश्वविद्यालयको संस्कृति विभाग, युनेस्को, एसिया प्रशान्त क्षेत्रको उच्च शिक्षा सञ्जाललगायतका संस्थाले आइतबार राजधानीमा संयुक्तरूपमा आयोजना गरेको प्रकोप र जलवायु परिवर्तनको सन्दर्भमा 'समुदायको सहनशीलता निर्माणमा अमूर्त सांस्कृतिक सम्पदा'को भूमिका विषयक अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन मन्तव्यका क्रममा उनले परम्परागत ज्ञानलाई आधुनिक विज्ञानसँग एकीकृत गरेर पूर्वतयारी, न्यूनीकरण र अनुकूलनका रणनीति विकास गर्न सकिने बताए । उनले बाढीको अवस्थाबारे आदिवासी ज्ञानलाई भू-उपग्रह प्रविधिसँग जोडेर 'सटिक' रूपमा पूर्वसूचना प्रदान गर्न सकिने बताए ।

मन्त्री पाण्डेले अहिलेको विश्व गम्भीर रूपान्तरणको अवस्थामा रहेको र जलवायु परिवर्तन अब कुनै टाढाको खतरा नभई वर्तमान अवस्थाको वास्तविकता भएको उल्लेख गर्दै यसबाट समाजले बारम्बार बाढी, डढेलो, खडेरी र समुद्र सतह वृद्धिजस्ता प्रकोप झेल्नु परिरहेको र संवेदनशील क्षेत्रका समुदाय यी जोखिमको अग्रभागमा रहेको बताए । मन्त्री पाण्डेले भने, 'यसले हामीलाई संसारलाई कसरी हेरिरहेका छौं, प्रकृतिसँग कसरी अन्तरक्रिया गरिरेका छौं र संकटमा हामी कसरी प्रतिक्रिया दिन्छौं भन्ने कुरा निर्धारण गर्ने छ, प्रकोप र जलवायु परिवर्तनका सन्दर्भमा यी सम्पदा हाम्रा लागि अझ बढी मूल्यवान् छन् ।'

उनले संसारभरका मानिसले आफ्नो वातावरणमा अनुकूलन गर्नका लागि शताब्दीयौंदेखि जटिल ज्ञान र अभ्यासका प्रणाली विकास गरेको उल्लेख गर्दै कृषि कर्मका बेला गरिने पूजापाठ वा अनुष्ठान तथा प्रकृतिको चक्रसँग तालमेल गरी बाली लगाउने परम्परा यसको उदाहरण रहेको बताए । सांस्कृतिक सम्पदामा यस्ता प्रकोपसँग कसरी अनुकूलन गर्न सकिन्छ भन्ने ज्ञानको भण्डार रहेको र यस्ता ज्ञानले संकटका समयमा जीवित रहन महत्त्वपूर्ण भूमिका खेल्न उल्लेख गर्दै मन्त्री पाण्डेले जलवायु परिवर्तनका असरहरूको सामना गर्न यी अभ्यास आवश्यक रहेको कुरामा जोड दिए ।


## धार्चे गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### माछीखोला, गोरखा

**नदिजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना ।**

(प्रथम पटक प्रकाशित मिति:-२०८१।०६।०७)

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ घ(६) दफा ६२ क (१) र दफा ६४ च (१) मा भएको व्यवस्था, गण्डकी प्रदेश नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ र धार्चे गाउँपालिकाले तोकिदिएको नदिहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खन्न गरि गण्डकी प्रदेश सरकारले तोकेको दरमा बिक्रि गर्नेगरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेको ईच्छुक फर्म/कम्पनीहरुले वोलपत्र खरिद गरि देहायको मिति र समय भित्र वोलपत्र https://bolpatra.gov.np/egp र धार्चे गाउँपालिकाको कार्यालय मार्फत पेश गर्नहुन सुचित गरिन्छ। अन्य थप जानकारीको लागि यस गाउँपालिकाको सूचनापाटी वा वेभसाइट www.dharchemun.gov.np तथा कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्का विवरण:-**

| ठेक्का नं. | घाटको विवरण | नदिजन्य पदार्थको परिमाण (घ. मि.) | न्युनतम बिक्रि मुल्य (रु.) (भ्याट बाहेक) | धरौटी रकम | वोलपत्र दस्तुर | वोलपत्र फारम पेश गर्ने अन्तिम मिति र समय | वोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| DRM/NCB/ GOODS/ 01/LOT-01/081/082 | न्याउली खोला क्षेत्र<br>अक्षांश:28°11'40.38" N<br>देशान्तर: 84°52'36.09" E | ३६३७.० | ८९८३७५.३७ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | २०८१/०७/०७ गते१२:०० बजे भित्र | २०८१/०७/०७ गते २:०० बजे |
| DRM/NCB/ GOODS/ 01/ LOT-02/081/082 | खानीबेशि क्षेत्र<br>अक्षांश:28°12'2.47" N<br>देशान्तर: 84°52'26.95.75" E | ११५६५.० | २८५६६७०.६५ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/ LOT-3/081/082 | मन्चे बगर क्षेत्र<br>अक्षांश:28°12'57.98"N<br>देशान्तर: 84°52'34.05" E | ३५९१.० | ८८७०१२.९१ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/LOT-04/ 081/082 | माछिखोला बगर क्षेत्र<br>अक्षांश:28°13'23.9"N<br>देशान्तर: 84°52'28.36" E | ६६७५.० | १६४८७९१.५१ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/ LOT-05/081/082 | खोर्लबिशि क्षेत्र नं १<br>अक्षांश:28°15'11"N देशान्तर: 84°52'59" E<br>खोर्लबिशि क्षेत्र क्षेत्रनं-२<br>अक्षांश:28°15'02"N<br>देशान्तर: 84°52'51" E | १०९८.० | २७१२१६.९८ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/LOT-06/ 081/082 | रेसे खोला (पुरानो तुईन) क्षेत्र नं १<br>अक्षांश: 28°12'44"N<br>देशान्तर: 84°49'38.8" E | ९०१.० | २२२५५६.०१ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/LOT-07/ 081/082 | रेसे खोला (मेला लाग्ने बगर) क्षेत्र नं २ अक्षांश: 28°12'48.5"N<br>देशान्तर: 84°49'46.4" E | १०६००.० | २६१८३०६.० | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| DRM/NCB/ GOODS/ 01/LOT-08/ 081/082 | रेसे खोला (हाइड्रोपावर नजिक/लाप्राक क्षेत्र) क्षेत्र नं ३<br>अक्षांश: 28°13'33.92"N<br>देशान्तर: 84°48'10.44" E | ६२२.० | १५३६४०.२२ | कबोल अंकको पाँचप्रतिशत (५%) | रु. ३,००० | | |
| | जम्मा वार्षिक परिमाण | ३८६८९.० | ९५५६५६९.६५ | | | | |

**प्रमुख प्रशासकीय अधिकृत**



## भीमदत्त नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

प्रथम पटक प्रकाशित मिति-२०८१/०६/०७

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति २०८१/०५/१८ गते प्रकासित बोलपत्र सूचना अनुसार तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित तथा सारभुतरुपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ वमोजिम सम्बन्धित सबैको जाकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**:

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट बाहेक |
|---|---|---|---|
| ४। आ. आ.। २०८१।०८२ | सडक उपभोग तथा मर्मत सेवा शुल्क कर संकलन गर्ने | जया कैलाशपति विल्डर्स प्रा. लि. काठमाडौं-१० | रू-५८,५१,०००।०० |



## साउदीमा रोजगार

कम्पनी : Jadara Construction Co., Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०६/04 LT. No. 311130 चलानी नं. ६०२२५६९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crane Operator | 5 | 0 | 2500 | ८८,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Rawaa Jafar Cement Products Factory

पूर्व स्वीकृति मिति : २०८१/०६/04 LT. No. 310990 चलानी नं. ६०२२५६९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Duty Truck Drivers (C.B.D.) | 3 | 0 | 1800 | ६४,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1553/079/80

Al Faraz International Overseas Pvt. Ltd

Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com



## युएईमा रोजगार

कम्पनी : SOBHA CONSTRUCTIONS L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०३/०२ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०७ LT. No. 306523 चलानी नं. ६०२२१२५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Mason | 21 | 0 | 1200 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 172 | 0 | 800 | २९,०८० | | | | | | | |
| 3 | Shuttering Carpenter | 158 | 0 | 1200 | ४३,६२० | | | | | | | |
| 4 | Steel Fixer | 67 | 0 | 1200 | ४३,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि: शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Proficient Employment Services Pvt.Ltd

श्रम इजाजत नं. १५८२/०७९/८०

PROFICIENT EMPLOYMENT SERVICES PVT. LTD.

KMC-26, Town Planning, Samakhushi, KTM, Contact: 977-5918725/4970500/4970600



## कुवेतमा रोजगार

कम्पनी : ElEter Company for general cleaning services for buildings

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ LT. No. 311176 चलानी नं. ६०२२५७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 19 | 18 | 85 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NBR

Govt. License 1370/74/75

Namo Buddha Recruitment Pvt. Ltd.

Basundhara-3, Kathmandu, Nepal, Phone : + 977-1-4983168, E-mail : info@namobuddharecruitment.com, nbrpl1370@gmail.com,Website : www.namobuddharecruitment.com

# बागमती सरकारको ६७ बुँदे न्यूनतम साझा कार्यक्रम सार्वजनिक

**मकवानपुर (प्रस)–** बागमती प्रदेशमा नेपाली कांग्रेसको नेतृत्वमा नेपाल कम्युनिस्ट पार्टी एमालेसहित बनेको गठबन्धन सरकारले न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ ।

प्रदेशसभा सचिवलायमा मुख्यमन्त्री बहादुरसिंह लामाले सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्दै त्यसमा आर्थिक समृद्धि हासिलका साथै विकास पूर्वाधार निर्माणलाई जोड दिइएको बताए । पर्यटन क्षेत्रको विकास र सुशासन कायम गर्नेतर्फ विशेष ध्यान दिने विषय समेटिएका उनले बताए ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाले संसद्मा रहेका विभिन्न दलहरूको भावनालाई समेटेर राष्ट्रिय गौरवको आयोजना, विकासका पूर्वाधार तथा बजेटको बाँडफाँट निष्पक्ष ढंगबाट गरिने विषयलाई प्राथमिकता दिइएको बताए । राष्ट्रिय प्रजातन्त्र पार्टी बागमती प्रदेश संसदीय दलका नेता उद्धव थापाले प्रदेश सरकार जनताप्रति जवाफदेही हुनुपर्नेमा जोड दिए ।

संघीय सरकारसँगको समन्वयमा प्रदेश प्रहरी तथा प्रदेश अनुसन्धान ब्युरो स्थापना, तीनवटै तहका सरकारको अन्तरसम्बन्ध, सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित संवैधानिक व्यवस्थानको पूर्ण पालना, राष्ट्रिय हितको रक्षा र प्रदेशबासीको समृद्धि, सुशासन कायम गर्ने विषयलाई प्राथमिकता दिइएको छ ।

कार्यक्रममा प्रदेश सरकार मन्त्रिपरिषद्का सदस्य, प्रदेशसभा सदस्य र सञ्चारकर्मीहरूको सहभागिता थियो ।

# भूमिगत सिँचाइमा बजेट कम, माग बढी

**चितवन–** चितवनसहित तीन जिल्ला हेर्दै आएको चितवन भूमिगत संयोजनात्मक जल सिँचाइ आयोजनामा बजेट कम हुँदा किसानका मागअनुसार आयोजना बन्न सकेका छैनन् । सिँचाइसँगै कृषिजन्य उत्पादन बढ्दै गएपछि किसानले स्यालो टच्युवेल र डिप टच्युवेलको माग गर्दै आएका छन् । कार्यालयमा हालसम्म स्यालो टच्युवेल २५० र डिप ट्युवेल ४० वटा माग भएकामा बजेट अभावले चालु आर्थिक वर्षमा ६२ वटा योजना मात्रै कार्यान्वयन गर्ने तयारी भएको हो । आयोजना प्रमुख विश्वबन्धु केसीका अनुसार चितवनमा ३८, मकवानपुरमा पाँच र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा १९ वटा आयोजना सञ्चालन गरिँदै छ । चितवनको इच्छाकामना गाउँपालिकाबाहेक अन्य सबै पालिकामा आयोजना कार्यान्वयन हुने उनले बताए ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका तथा मनहरी, बकैया र बागमती गाउँपालिकामा आयोजना सञ्चालन हुने केसीले जानकारी दिए । नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा गैंडाकोट, देवचुली, कावासोती, मध्यबिन्दु र विनय त्रिवेणी नगरपालिकामा आयोजनाको काम हुने उनले बताए । आयोजना प्रमुख केसीले भने, 'अन्य जिल्लाको तुलनामा चितवनका किसानले बढी माग गर्नुभएको छ । मागअनुसार आयोजना भने पर्न सकेको छैन ।' यी आयोजना सम्पन्न गर्न ४० करोड रूपैयाँ बजेट विनियोजन भएको जनाउँदै तोकेर आयोजना आएकाले किसानका मागअनुसार काम गर्न नसकिने उनले उल्लेख गरे ।

विसं २०७७ मा स्थापना भएको यस कार्यालयले हालसम्म लिफ्ट सिँचाइ ११ र डिप बोरिङ ९८ वटा जडान गरी तीन हजार ७०० हेक्टर क्षेत्रफलमा सिँचाइको व्यवस्था गरेको छ । वैकल्पिक सिँचाइको अभाव भएका स्थानमा संयोजनात्मक सिँचाइले काम गर्दै आएको केसीले जानकारी दिए । अघिल्ला वर्षमा मकवानपुर र चितवनमात्रै हेर्दै आएको यस आयोजनाले यस वर्ष नवलपुरमा थप गरेर काम गर्दै आएको हो । *रासस*

## मोटरसाइकल हरायो

उपरोक्त सम्बन्धमा मिति २०८१/०४/२१ गते करिब ७-१०:३०बजेको समयमा प्रदेश ३-० २०११प ३८०४ नम्बरको मोटरसाइकल गोकर्णेश्वर-५ जोरपाटी, नायँबस्तीमा पार्क गरी राखेको अवस्थामा हराएको हुँदा पाउनुहुने महानुभावहरूले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

नामः **दिपक तामाङ**
इन्जिन नं.: DRYCKD72945
च्यासिस नं.: MD2A36FYXYL11280590
सम्पर्क नं.: ९८५११५५४३८
ठेगानाः गोकर्णेश्वार-५ नायाँबस्ती

## साउदी/कतारमा रोजगार

कम्पनी : NAWADER AL-ANDALUS TRADING COMPANY IS A ONE-PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311115 | चलानी नं. ६०२२५७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1800 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MISNAD SERVICES

पूर्व स्वीकृति मिति : २०८०/१०/११ | LT. No. 298818 | चलानी नं. ६०२१३७९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 5 | 0 | 1500 | ५५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 42 | 0 | 1000 | ३६,६८० | | | | | | | |
| 3 | Supervisor | 3 | 0 | 3500 | १२८,३२० | | | | | | | |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311116 | चलानी नं. ६०२२५७२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaning Labour | 33 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EWAN HUMAN RESOURCES COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311117 | चलानी नं. ६०२२५७२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Cleaning Labour | 15 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAHDAH AYED AL-RASHIDI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311118 | चलानी नं. ६०२२५७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unload Labour | 4 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAHDAH AYED AL-RASHIDI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311119 | चलानी नं. ६०२२५७२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAHDAH AYED AL-RASHIDI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311120 | चलानी नं. ६०२२५७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FAHDAH AYED AL-RASHIDI GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311122 | चलानी नं. ६०२२५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : COOPERATIVE SOCIETY OF FISHERMEN IN QATIF GOVERNORATE

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311123 | चलानी नं. ६०२२५७३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gas Station Labour | 1 | 0 | 1200 | ६०,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निः शुल्क | रु ७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४३५/०६०/०६१

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com

## Harinas Rural Municipality
## Office of Municipal Executive
**Chitrebhanjyang, Syangja**

### Invitation for Bids

**First Date of Publication:2081/06/07(23th Sept)**

1. The Harinas Rural Municipality invites Electronic Bids from eligible Bidders for **Construction of Ward Level Health Center ,Type -02 in Harinas Rural Municipality Ward -01.**

| Contract Id. No: | Description of Project | Estimated Amount (NRs.) (Exclusive VAT and Contingencies) | Bid Security amount (NRs.) | Bid Document Fee |
|---|---|---|---|---|
| **HRM/NCB/W/B/01/2081/082** | **Construction of Ward Level health Center, Type- 02 in Harinas Rural Municipality Ward -01** | NRs 3473487.69 | NRs 100000/- (with validity 120 days) | NRs 3000/- |

2. Bidder shall have the option of submitting their bids electronic only.
3. Matter not covered in this notice shall be accordance with prevailing rules and regulation of GON.
4. Complete set of Bidding documents and required information can be obtained at Official website of PPMO e-Gp System i.e www.bolpatra.gov.np/egp
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

***Chief Administrative Officer***

Government of Nepal (GoN)
Ministry of Energy, Water Resources and Irrigation
**Alternative Energy Promotion Center (AEPC)**
Tahachal,Kathmandu, Nepal
Tel: +977-1-4598013/4598014
Email:info@aepc.gov.np Website : www.aepc.gov.np

### Invitation for Electronic Sealed Quotations

**Contract Identification Number:** AEPC/ADMIN/SQ/G/2081/82-01
**First date of Notice Publication:** 4 September 2024
**Date of Re-Notice publication:** 23 September 2024

1. The **AEPC** Re-invites **Sealed Quotations (SQ)** from eligible Bidders for the procurement of Goods **"Supply & Delivery of Cartridge and Tonner".** Bidding is open to all Eligible Bidders as mentioned in the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Document at the office of **AEPC** or may visit the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**
3. Bidder who chooses to submit their bid electronically (submission of hard copy is not applicable) may download the Sealed Quotation documents for e-submission from the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.** Bidders, submitting their bids electronically, should deposit the cost of the Bidding Document (nonrefundable fee)of **Nrs.1000.00** in the Rajaswa(Revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit Voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank:** Rastriya Banijya Bank Ltd. **Name of office:** Alternative Energy Promotion Center
   **Office Code No:** 308003502 **Office Account no:** 1000200010000
   **Rajaswa (Revenue) Shirshak No.:** 14229
4. Sealed Quotation must be submitted to the above office through e-GP system of PPMO: **www.bolpatra.gov.np/egp** on or before **12:00 Noon on 8th October 2024.**
5. Sealed Quotation must be valid for a period of **45** days counting from the date of bid opening and must be accompanied by a bid security amounting to minimum of **NRs. 38,000.00** which shall be valid for minimum 30 days beyond the bid validity period.( (i.e., Valid up to minimum **21 December 2024**).
6. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in AEPC'S Office code 308002 and Account Name DTCO, Kathmandu, Bank Account No.1201200001002524 at Nepal Rastra Bank, Thapathali and Submit/upload the receipt of the deposited amount of cash along with electronic **Sealed Quotation**
7. Submitted Electronic SQs will be opened in the presence of Bidders' representatives who choose to attend at **12:15 P.M. on 8th October 2024** at the office of **AEPC, Tahachal, Kathmandu, Nepal.**
8. Received SQs for this task, as per the first notice publication, have been cancelled.
9. Other details are provided in the uploaded bidding (SQ) document available in the e-GP system of PPMO: **www.bolpatra.gov.np/egp.**

नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

### स्टेशनरी तथा अन्य मालसामान आपूर्ति गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१ असोज ७ गते
सिलबन्दी दरभाउपत्र सूचना नं. ०१।०८१।८२

यस मन्त्रालयको लागि आ.व. ०८१/८२ मा आवश्यक पर्ने स्टेशनरी तथा अन्य मालसामान सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य इजाजत प्राप्त फर्म/संस्था/कम्पनीबाट रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । सिलबन्दी दरभाउपत्र साथ चालु आर्थिक वर्षको लागि नवीकरण गरेको फर्म, संस्था वा कम्पनी दर्ता, व्यवसाय दर्ताको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र आयकर दर्ता (PAN) प्रमाणपत्र, आ.व. ०७९।८० सम्मको सम्बन्धित निकायबाट प्राप्त कर चुक्ता गरेको प्रमाणपत्र साथ निवेदन पेश गरी सिलबन्दी दरभाउपत्र फारम यस मन्त्रालय सिंहदरबार, काठमाडौंबाट फिर्ता नहुने गरी रू. १,०००/- (अक्षेरुपी रू. एक हजार मात्र) तिरी खरिद गर्न सकिनेछ । यस सम्बन्धमा विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटी र मन्त्रालयको वेवसाइट www.mopit.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

### कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**सुचना प्रकाशित मिति २०८१/०६/०७ गते (प्रभाव राष्ट्रिय दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिमको तिर्न बुझाउनु पर्ने साँवा, ब्याज र हर्जना लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघन गरेको र संस्थाबाट लेना रकम चुक्ता गर्न पटक पटक मौखिक तथा लिखित रुपमा ताकेता गर्दा समेत संस्थाको लेना रकम चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले पुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सुचना प्रकाशित गरेको मितिले ३५ दिन भित्रमा यथाशिघ्र यस संस्थामा सम्पर्क गरी आफुले तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज र हर्जना सहितको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्नुहुन जानकारी गराईन्छ । उल्लेखित मिति भित्र पनि तिर्न बुझाउनु पर्ने सावाँ, ब्याज, हर्जना लगायत सम्पुर्ण रकम संस्थामा दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको स्वीकृत विनियम, संस्थाको कर्जा लगानी तथा असुली निति तथा अन्य प्रचलित नेपाल कानुन बमोजिम ऋणीको तपशिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गरि ऋणीलाई कालो सुचीमा सुचिकृत गर्न समेत पठाउने व्यहोरा यसै सुचनाबाट जानकारी गराईन्छ ।

**तपशिल**

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १. | नाम : छत्र बहादुर बस्नेत<br>बाबु : सुर्ज बहादुर बस्नेत<br>बाजे : पदम बहादुर बस्नेत<br>स्थायी ठेगाना : मंगलटार - ०५, खोटाङ<br>ना.प्र.प.नं. : १२/०१/७२/०२१०७<br>जि.प्र.का. : खोटाङ<br>जारी मिति : २०७२/०४/१० | १. ऋणी छत्र बहादुर बस्नेतको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला साविक महेन्द्र लदाभिर- ९ घ, कित्ता नं. ४३९ र ४१८ को क्षेत्रफल क्रमश ०-९-८-०, ०-१०-८-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**सदस्य सेवा** बचत तथा ऋण सहकारी संस्था लि.
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.
प्रधान कार्यालयः का.म.न.पा. - ३२, कोटेश्वर
फोन नं. : ०१-५१९९०९८, ५१९९४७९

### उन्नतिशिल बहुउद्देश्यीय सहकारी संस्था लि.

का.म.न.पा-१५, स्वम्भू, काठमाडौं
फोन नं.:०१-५२४७२८३, Email: unnatishilcooperative@gmail.com

### धितो लिलामी गर्ने बारे १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०६/०७ गते)

तपशिलमा उल्लेखित ऋणीले यस उन्नतिशिल बहुउद्देश्यीय सहकारी संस्थाबाट उपभोग गरेको कर्जाको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्वन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्वन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८१/०४/३० गते राष्ट्रिय दैनिक पत्रिका प्रभावमा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थालाई तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संथालाई ऋण सुरक्षण वापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्री गरी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघसंस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ति कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सबैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साविकमा संस्थाबाट भएको मुल्याङ्कन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संथा आफैले सकार गरी लियो भनी कही कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्वन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सूचित गराईन्छ ।

**तपशिल**

| क.स. | ऋणीको विवरण | धन जमानत दिनेको विवरण |
|---|---|---|
| १. | नामः रमेश सापकोटा<br>बाबुको नामः नुतन प्रसाद सापकोटा<br>बाजेः चेतनाथ सापकोट<br>ठेगानाः बेलकोट-९, नुवाकोट<br>हालः काभ्रेस्थली-५, काठमाडौ<br>ना.प्र. नं.: ७८५००/जि.प्र.का./नुवाकोट<br>जारी मितिः २०५९/०४/०५ | नामः सजना बिडारी<br>पतिको नामः रमेश सापकोटा<br>ससुराः नुतन प्रसाद सापकोट<br>ठेगानाः बेलकोट-९, नुवाकोट<br>हालः काभ्रेस्थली-५, काठमाडौ<br>ना.प्र.नं.: ३११०३४/७९९४४/जि.प्र.का./नुवाकोट<br>जारी मितिः २०६७/१०/२८ |
| | **धितोको विवरण** | |
| | रमेश सापकोटाको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता कायम रहेको कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १७ को कि.न१४ को क्षेत्रफल १९७५.४० व.मी र कि.नं. ४६ को क्षेत्रफल २३१.३० व.मी.को जग्गाहरु । | |
| | **ऋणीको विवरण** | **धन जमानत दिनेको विवरण** |
| | नामः तेन्जेन तामाङ<br>बुवाको नामः मामी तामाङ<br>बाजेको नामः दामे तामाङ<br>ठेगानाः ब्रीद्धिम-६, रसुवा<br>हालः नागार्जुन न.पा.-२, काठमाडौ<br>ना.प्र.नं.: १३२/४६८/जि.प्र.का./रसुवा<br>जारी मितिः २०४५/०१/०६ | नामः ठिन्जेन तामाङनी<br>पतिको नामः मामी तामाङ<br>ससुराको नामः दामे तामाङ<br>ठेगानाः ब्रीद्धिम-६, रसुवा<br>हालः नागार्जुन न.पा.-२, काठमाडौ<br>ना.प्र.नं.: १३४/२०६/जि.प्र.का./रसुवा<br>जारी मितिः २०६७/१०/२८ |
| | **धितोको विवरण** | |
| | तेन्जेन तामाङको नाममा मालपोत कार्यालय कलंकीमा दर्ता कायम रहेको काठमाडौं जिल्ला सीतापाईला गा.वि.स. वडा नं.८ को कि.नं. १५५ को क्षेत्रफल ७९.४७ व.मी जग्गा | |

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

(१) बोलपत्र फारम यस संस्थाको कार्यालयबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम उन्नतिशील बहुउद्देश्यीय सहकारी लिमिटेडको नाममा राष्ट्रिय सहकारी बैंकको गोंगबु शाखाको खाता नं. २०-०००२७-६ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै संस्थाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूँजिगत लाभकर लगायत अन्य सम्पूर्ण दैदस्तुर घरजग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । उक्त दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ । लिलाम सूचना प्रकाशित मितिले १६ औं दिनको ३:०० बजे संस्थाको कार्यालयमा बोलपत्र खोलिने छ । यदि १६ औं दिनमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ । १५ दिन सम्म ऋणी वा धितो वालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## ऋणको भार थप्ने काम बन्द गर

सरकार आफ्नो कुनै पनि लक्ष्यमा सफल हुँदैनन्, त्यो राजस्व संकलनमा होस् वा पुँजीगत खर्चमा । तर, ऋण लिने सवालमा भने निकै अग्रगामी देखिन्छ । चालु आर्थिक वर्षको दुई महिनाको तथ्यांकले नै यो पुष्टि गर्छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा नै ९४ अर्ब ५२ करोड रूपैयाँ सरकारी ऋण थपिएको छ ।

आर्थिक वर्ष सुरु हुँदा २४ खर्ब ३४ अर्ब नौ करोड रूपैयाँ रहेको सार्वजनिक ऋण भदौ मसान्तसम्म बढेर २५ खर्ब २८ अर्ब ६२ करोड रूपैयाँ पुगेको हो । कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) को ४४.३२ प्रतिशतबराबर हो ।

सरकारले आन्तरिक र बाह्य दातृ निकायबाट ऋण लिने गरेको छ । चालु आर्थिक वर्ष सुरु हुँदा आन्तरिक ऋण ११ खर्ब ८० अर्ब ९० करोड रूपैयाँबराबर रहेकामा भदौ मसान्तसम्ममा बढेर १२ खर्ब ३५ अर्ब ९० करोड रूपैयाँ पुगेको तथ्यांक छ । दुई महिनामा सरकारले ९० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउँदा ३५ अर्ब रूपैयाँबराबर ऋण तिरेको देखिन्छ ।

त्यस्तै, भदौ मसान्तसम्म तिर्न बाँकी बाह्य ऋण १२ खर्ब ९२ अर्ब ७१ करोड रूपैयाँ छ । चालु आवको सुरुआतमा बाह्य ऋण १२ खर्ब ५३ अर्ब १९ करोड रूपैयाँबराबर थियो । पछिल्लो दुई महिनामा सरकारले बाह्य ऋणको साँवा र ब्याज भुक्तानीमा १४ अर्ब पाँच करोड रूपैयाँ खर्च गरेको छ भने यही अवधिमा चार अर्ब ६७ करोड रूपैयाँबराबर बाह्य ऋण थपेको छ । जिडिपीको तुलनामा बाह्य ऋण २२.६६ प्रतिशत बराबर हो ।

चालु आर्थिक वर्षका लागि सरकारले पाँच खर्ब ४७ अर्ब रूपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा भदौ मसान्तसम्ममा एक खर्ब चार अर्ब पाँच करोड रूपैयाँ ऋण उठाइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । सरकारले विभिन्न परियोजनामा स्रोत व्यवस्थापनका लागि ऋण लिनु स्वाभाविक प्रक्रिया हो । त्यसैले तोकिएको सीमाभित्र रहेर आन्तरिक र बाह्य ऋण लिनुलाई अन्यथा मान्नु पर्दैन । तर, गम्भीर सवाल के हो भने यसरी लिइएको ऋण उत्पादनमूलक क्षेत्रमा उपयोग गर्न सरकार चुक्दै आएको छ । पुरानो ऋण तिर्नकै लागि पनि ऋण थप्दै जानु उपयुक्त हुँदै होइन । यो मुलुकको अर्थतन्त्रलाई संकटतर्फ धकेल्ने प्रमुख कारण बन्न सक्छ । त्यसैले जथाभावी ऋण लिएर राज्यलाई भार थप्नुभन्दा उत्पादनमूलक क्षेत्रको प्रवर्द्धनमा सरकारको ध्यान जान जरुरी छ ।

मनन्योग्य

## चाणक्य नीति

जरासन्धपछिको पीढिले युगौयुगसम्म राज्यको शासन चलाए । जरासन्धीय इतिहासको अन्तिम शासक नियुन्जय थिए जसको हत्या उनकै मन्त्री सुनिकले गरे र सुनिकका छोरा प्रद्योत मगधको सिहासनमा बसे । प्रद्योत वंशका पाँच शासकहरूले एक सय अठतीस १३८) वर्ष (६४२ ई.पू. सम्म शासन गरे । शिशुनाम मगधको राजसिहासनमा बसेपछि मगधको राजनीतिक उत्थान र परिवर्तनको सुरुवात भयो । ई.पू. ५२८ अगाडि बिम्बिसारले मगधको सत्ताको सूप आफ्नो हातमा लिए ।

अंगप्रदेशको विजयसँगै राज्यविस्तारको क्रम बिम्बिसारले सुरु गरे । यसलाई सफलतापूर्वक अजातशत्रुले पूरा गरे । एकातिर मगध राज्यले राजनीतिक सफलता प्राप्त गरिरहेको थियो, अकातफ भारतवर्षका जनतामा एउटा नयाँ आध्यात्मिक चेतना पलाइरहेको थियो । धार्मिक जड°ता र रुढिवादिताबाट ग्रसित त्यतिबेलाको समाजमा नवजीवनको भाव मौलाइरहेको थियो ।

राजसंघर्षका कारण रगत लतपतिदै गइरहेको पृथ्वीमा अहिंसा, प्रेम र सदभावनाको मुना फुटेर महावीर र बुद्धको कर्मभूमि यो मगध राज्य बन्न पुग्यो । सत्य फैलिरहेको थिया-महावीर र बुद्ध पनि अगाडि बढिरहेका थिए । भारतवर्षमा वीटा वैभवशाली सहर बन्नगयो 'मगध' अजातशत्रुने विज्यहरूसंगको युद्धकार्यका लागि पाटलीग्राम (पटना) मा आफ्ना मन्त्री तथा सुनितद्वारा किल्ला निर्माण गराए । त्यसै दिन बिहान भगवान् बुद्धले वर्षाकार वा सुनितलाई देखेर आफ्ना शिष्य आनन्दसँग सोधे 'आनन्द उनीहरू को हुन् ?' आनन्दले उत्तर दिए- 'उनीहरू महाराज अजातशत्रुका मन्त्री वर्षाकार वा सुनित हुन् जो विज्यहरूसँग युद्ध गर्नका लागि किल्ला बनाउदैछन् । भगवान् बुद्धले भन्नुभयो 'झट्टै यहाँ एउटा अत्यन्तै ठूलो सहर बस्नेछ । तर, त्यसमा आगो, पानी र ग्रहहरूका कलहले गर्दा सदैव भय रहनेछ । भगवान बुद्धद्वारा भनिएको भयको बातावरणरूपी भविष्यवाणी सत्य सावित भयो ।

# संविधान कार्यान्वयनको अन्तर्य

## संघ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध



■ खिमलाल देवकोटा

संविधानको भाग-५, भाग-२० र समन्वयसम्बन्धी कानुनसमेतका व्यवस्थाले संघ, प्रदेश र स्थानीय तहका बारेमा समन्वय र अन्तरसम्बन्ध कायम गर्नका लागि आवश्यक विषयहरू, संयन्त्रहरू र समन्वय कायम गर्ने तरिका र माध्यमका बारेमासमेत व्यवस्था गरेको पाइन्छ । यसका अतिरिक्त आर्थिक मामलामा समन्वय गर्नका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ मा नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा प्रदेशका अर्थमन्त्री र स्थानीय तहकासमेत प्रतिनिधि रहनेगरी अन्तरसरकारी वित्त परिषद्को व्यवस्था गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले तीन तहको संरचना कायम गरेको छ । एकात्मक शासन व्यवस्थाबाट नेपाली जनताका अपेक्षा पूरा भएनन् भन्ने निष्कर्षका आधारमा संघीय संरचना अवलम्बन गरिएको कुरामा विवाद छैन । संघ, प्रदेश र स्थानीय गरी तीन तहका संरचनाका बीचमा संविधानले नै अधिकारको बाँडफाँट गरेको अवस्था छ । तीनै तहका बीचमा समन्वय र अन्तरसम्बन्धका बारेमा पनि संविधान र कानुनी बन्दोबस्त गरिएको छ ।

यतिका बन्दोबस्तका बाबजुद पनि पर्याप्त समन्वय र अन्तरसम्बन्धका बारेमा प्रश्नहरू उठेका छन् । ती प्रश्नहरूलाई विद्यमान संरचना र तिनको क्रियाशीलताले समाधान गर्न सम्भव छ भन्ने सकारात्मक सोचका साथ यो छलफलपत्र तयार गरिएको छ । यस पत्रमा संवैधानिक व्यवस्था, संविधानका आधारमा वनेका कानुनी व्यवस्था र तिनले सिर्जना गरेका विभिन्न संयन्त्रहरू र तिनको प्रभावकारी कार्यान्वयनका बारेमा चर्चा गरिएको छ ।

### संविधानको भाग-५ को व्यवस्था

तीन तहको अन्तरसम्बन्धका बारेमा संवैधानिक व्यवस्थाको जानकारीका लागि संविधानको भाग-५ र भाग-२० सम्बन्धित छन् । संविधानको भाग-५ मा राज्यको संरचना र राज्य शक्तिको स्रोतका बारेमा स्पष्ट गरिएको छ । संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको राज्य संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने छ । तीनै तहले राज्य शक्तिको प्रयोग यो संविधान र कानुनबमोजिम गर्ने छन् भन्दै राज्यशक्ति भन्नाले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासम्बन्धी अधिकार सम्झनुपर्छ । यो शब्दले अवशिष्ट अधिकारसमेतलाई जनाउने छ भन्ने संविधानको धारा ३०६ ले स्पष्ट गरेको छ ।

संविधानको धारा ५७ मा राज्य शक्तिको बाँडफाँटको व्यवस्था गरिएको छ । यसअनुसार अनुसूची-५ संघ, छ प्रदेशको एकल अधिकारको व्यवस्था छ भने अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको व्यवस्था गरिएको छ । यसैगरी अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको व्यवस्था छ भने अनुसूची-९ मा तीनै तहको साझा अधिकार भनी बाँडफाँट गरिएको छ । एकल र साझा अधिकारको सूचीको बिस्तृतीकरण मन्त्रिपरिषद्ले गरेर अझै स्पष्ट पार्ने कोसिससमेत गरेको छ । विगत वर्षका अनुभवका आधारमा यसलाई अझ प्रस्ट गर्न कार्य बिस्तृतीकरणको पुनरवलोकनसमेत गरेको अवस्था छ ।

### संविधानको भाग-२० को व्यवस्था

संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्धका बारेमा संविधानको भाग-२० ले सुस्पष्ट व्यवस्था गरेको छ । यस भागअन्तर्गत धारा २३१ देखि २३७ सम्म विभिन्न व्यवस्थाहरू गरिएको छ । यसमध्ये धारा २३१ व्यवस्थापकीय अन्तरसम्बन्धका बारेमा व्यवस्था गर्दै प्रदेशहरूले एकै प्रकृतिका विषयमा कानुन निर्माण गर्नुपर्दा नेपाल सरकारसमक्ष अनुरोध गर्नसक्ने व्यवस्था छ भने धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहको बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने छ भनिएको छ । यसैगरी संघीय सरकारले सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनताका विषयमा आवश्यक निर्देशन दिनसक्ने र सो निर्देशन पालना गर्नुपर्ने व्यवस्थाका अतिरिक्त यी नै आधारमा प्रदेश सरकारलाई सचेत गराउने, निलम्बन गर्ने वा विघटन गर्नेसमेतको अधिकारका बारेमा व्यवस्था गरिएको छ । यसैगरी स्थानीय तहलाई पनि निर्देशन दिनसक्ने व्यवस्था गरिएको छ । धारा २३३ मा प्रदेश-प्रदेशबीचको सम्बन्धको व्यवस्था गरिएको छ । यसमा एक प्रदेशले अर्को प्रदेशको कानुनी, न्यायिक वा प्रशासनिक निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग र समन्वय, परामर्श र सूचना आदानप्रदानका बारेमा उल्लेख छ । यसका साथै सबैलाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनुपर्ने कुरा पनि व्यवस्था गरिएको छ ।

धारा २३४ अन्तरप्रदेश परिषद्का बारेमा व्यवस्था छ । राजनीतिक विवाद समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा संघका गृह र अर्थमन्त्रीका साथै प्रदेशका मुख्यमन्त्रीसमेत रहेको संरचनाको परिकल्पना गरिएको छ । धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह बीचको समन्वय कायम गर्न संघीय संसद्ले आवश्यक कानुन बनाउने छ भन्ने व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तह अन्तरसम्बन्ध तथा समन्वय) ऐन २०७७ पारित भई कार्यान्वयनमा छ । यसैगरी २३४(२) मा प्रदेश र स्थानीय तहका बीचमा समन्वय र राजनीतिक विवाद समाधान गर्ने जिम्मेवारी भने प्रदेशसभालाई नै सुम्पिएको छ ।

धारा २३६ मा अन्तरप्रदेश व्यापारको व्यवस्था गर्दै अन्तरप्रदेश व्यापारमा कुनै बाधा अवरोध गर्न कर वा दस्तुर लगाउन वा भेदभाव गर्न नपाइने व्यवस्था गरिएको छ भने धारा २३७ मा धारा १३७ बमोजिम गठित संवैधानिक इजलासको अधिकार क्षेत्रमा कुनै असर नपर्ने गरी स्पष्ट गर्नेसमेत काम गरिएको छ ।

### संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध तथा समन्वय) ऐन, २०७७

यस ऐनले विभिन्न व्यवस्थाहरू गरेको छ । ऐनको परिच्छेद २ मा अन्तरसम्बन्धका आधार, परिच्छेद ३ मा कानुन तथा नीति बनाउँदा विचार गर्न पर्ने कुरा, परिच्छेद ५ मा एकल अधिकार र परिच्छेद ६ मा साझा अधिकारको कार्यान्वयनका बारेमा उल्लेख गर्दै संघ तथा प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने विषयका बारेमासमेत व्यवस्था गरिएको छ । समन्वय र परामर्श गर्न पर्ने आयोजना कार्यान्वयनका बारेमा आवश्यक पर्ने कुराहरूलगायतका सहयोग र समन्वय गर्न पर्ने बारेमा व्यवस्था गरिएको छ ।

समन्वयका लागि उच्चस्तरीय संयन्त्रका रूपमा प्रधानमन्त्रीको अध्यक्षतामा प्रदेश र स्थानीय तहका प्रतिनिधिसमेत रहेको राष्ट्रिय समन्वय परिषद्को व्यवस्था गरिएको छ भने सो परिषद् मातहत विशेष समिति र विषयगत समितिहरूकोसमेत व्यवस्था गरी विषयगत रूपमासमेत समन्वय गर्न सहज होस् भन्ने हेतुले स्थायी प्रकृतिका संयन्त्रकोसमेत व्यवस्था गरिएको छ । प्रदेशस्तरमा समन्वय गर्न प्रेदश समन्वय परिषद्समेतको व्यवस्था तिनको काम कर्तव्य र अधिकारसहित ऐनले गरेको छ । परिच्छेद ५ मा विवाद समाधानका बारेमा बिस्तृतरूपमा उल्लेख गरिएको छ ।

### अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

यसरी संविधानको भाग-५, भाग-२० र समन्वयसम्बन्धी कानुनसमेतका व्यवस्थाले संघ, प्रदेश र स्थानीय तहका बारेमा समन्वय र अन्तरसम्बन्ध कायम गर्नका लागि आवश्यक विषयहरू, संयन्त्रहरू र समन्वय कायम गर्ने तरिका र माध्यमका बारेमासमेत व्यवस्था गरेको पाइन्छ । यसका अतिरिक्त आर्थिक मामलामा समन्वय गर्नका लागि अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३३ मा नेपाल सरकारका अर्थमन्त्रीको अध्यक्षतामा प्रदेशका अर्थमन्त्री र स्थानीय तहकासमेत प्रतिनिधि रहनेगरी अन्तरसरकारी वित्त परिषद्को व्यवस्था गरेको छ । सो परिषद्को बैठक प्रत्येक वर्षको चैत महिनामा कम्तीमा एकपटक र अरू बेला संयोजकले तोकेको स्थान र मितिमा हुनेगरी आर्थिक मामलाको समन्वयको बन्दोबस्त गरेको छ ।

### समन्वय र अन्तरसम्बन्धका बारेका संयन्त्रहरू

समन्वय र अन्तरसम्बन्धका बारेमा संविधान र कानुनहरूमा आवश्यक संयन्त्रहरू विभिन्न प्रकारका रहेका छन् । अन्तरप्रदेश परिषद् (राजनीतिक विवाद समाधान गर्न), संवैधानिक इजलास (कानुनी र संवैधानिक विवाद समाधान गर्न), प्रदेशसभा (स्थानीय तह, प्रदेश र स्थानीय तहका बीचमा समन्वय तथा राजनीतिक विवाद समाधान गर्न), राष्ट्रिय समन्वय परिषद् (संघ प्रदेश र स्थानीय तहका बीचमा अन्तरसम्बन्ध तथा समन्वय कायम गर्न), अन्तरसरकारी वित्त परिषद् (संघ, प्रदेश र स्थानीय तहका बीचमा आर्थिक समन्वय कायम राख्न), विषयगत समिति तथा विशेष समितिहरू (समन्वय र अन्तरसम्बन्ध कायम राख्न आवश्यक पर्ने विषय र विशेष कामका लागि गठित तथा गठन हुने समितिहरू) गठन हुने व्यवस्था छ । सो व्यवस्थाबमोजिम प्रायः सबै समितिहरू अस्तित्वमा छन् तर तिनको प्रभावकारी कार्यान्वयन त कता हो कता बैठकसम्म बस्न नसकेको नबसेको वा नबसाएको अवस्था छ ।

### निष्कर्ष र सुझाव

उपरोक्त संवैधानिक व्यवस्था, कानुनी बन्दोबस्त र सो बमोजिम गठित संयन्त्रहरूको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता हो । भइरहेका बन्दोबस्तलाई प्रभावकारी बनाउने र गठित संयन्त्रहरूलाई क्रियाशील बनाउँदै संघ, प्रदेश र स्थानीय तहका बीचमा अन्तरसम्बन्ध र समन्वयलाई कामयावी बनाउन संविधान कानुनबमोजिम गठित निकाय र तिनका पदाधिकारीहरूमा इमानका साथ काम गर्ने परम्पराको थालनी गर्नसके संविधान कार्यान्वयनमा फडको मार्न सकिन्छ । *रासस*

*(लेखक संविधानसभा सदस्य तथा वरिष्ठ अधिवक्ता हुन्)*

# संविधान संशोधनको औचित्य र बहस



■ श्रीराम श्रेष्ठ

'नेपालको संविधान, २०७२' कार्यान्वयनको एक दशकको यात्रारम्भ भएको छ । मुलुकको इतिहासमा पहिलोपटक जनताले चुनेका प्रतिनिधिबाट गठन भएको संविधानसभाले निर्माण गरेको संविधान वि.सं. २०७२ मा घोषणा गरिएको थियो । वि.सं. २०६३ मा बनेको अन्तरिम संविधानले संविधानसभाबाट २०७२ सालमा संविधान जारी नहुँदासम्म देशको मूल कानुनको काम गऱ्यो । तत्कालीन माओवादी सशस्त्र द्वन्द्व र राजनीतिक अस्थिरताका कारण २०४७ को संविधान १६ वर्षभन्दा लामो समय कार्यान्वयनमा रहेन । यस अर्थमा पनि वर्तमान संविधान देशमा लागू भएका सातवटामध्ये तेस्रो धेरै टिकेको संविधान बनेको छ ।

नयाँ संविधान जारी भएपछि संविधानले परिकल्पना गरेका कयौं राजनीतिक, समाजिक अधिकारहरू जनताले प्राप्त गर्न सफल भए । संविधान कार्यान्वयनपछि स्थानीय र संसदीय निर्वाचनद्वारा कार्यान्वयन प्रक्रियासमेतले स्थायित्व ग्रहण गर्न सक्यो । नेपालमा संविधानसभाबाट संविधान आउनु आफैंमा एउटा ऐतिहासिक उपलब्धि थियो । कयौं मुलुकका संविधान निर्माणका अभ्यासहरू मूल्यांकन गर्ने हो भने राज्यशक्ति हस्तान्तरण ज्यादै कठिन प्रक्रियाबाट भएको पाइन्छ । नेपालमा पनि १० वर्षसम्म चलेको सशस्त्र द्वन्द्व, जनआन्दोलन र राजनीतिक सहमतिका आधारमा संविधानबमोजिम शान्तिपूर्ण नै शक्ति हस्तान्तरण हुनसक्यो ।

संविधान निर्माण र कार्यान्वयनमा अगाडि बढ्यो । यो कम महत्त्वपूर्ण उपलब्धि थिएन । संविधानमा उल्लेख भएका मौलिक अधिकारबारेका अन्य कानुन निर्माणमा अहिलेसम्म भएको उपलब्धि हेर्ने हो भने सकारात्मक र सफल नै देखिएका छन् । नयाँ संविधानअनुसार संवैधानिक अंग बनेका स्थानीय सरकारले सरकारी सेवाहरू गाउँसम्म विस्तार गर्न सकेको छ । स्थानीय तहबाट दिइने सेवा सुविधामा सुधार भएको छ ।

यद्यपि, केही प्रक्रियागत अप्ठेराहरू र कमिकमजोरी नभएका होइनन् । यो संविधानअनुसार जुन अधिकार र आत्मबलका साथ स्थानीय तहहरू अगाडि बढेका छन् त्यो नेपालमा यसअघि अनुभव गर्न पाइएकै थिएन । स्थानीय सरकारको उपस्थितिले आधारभूत शिक्षा, कृषिबजार र आधुनिकीकरण, स्थानीय आवश्यकताका आधारमा हुने विकास निर्माणका कार्य र पर्यटन प्रवर्द्धनजस्ता कुरामा राम्रो उपलब्धि हासिल भएको छ । स्थानीय शासकीय अधिकार सुनिश्चित भएको छ ।

स्थानीय अधिकारहरू सहज र परिणामामुखी देखिएता पनि संघीय र प्रदेशका उपलब्धिहरूलाई हेर्ने हो भने संविधान कार्यान्वयनको पक्ष सन्तोषजनक नभएका प्रतिक्रियाहरू यतिबेला सुनिएका छन् । संविधानले परिकल्पना गरेका कयौं कानुनहरू निर्माण भइसके पनि यसको कार्यान्वयन गति सन्तोषजनक नभएर जनतामा असन्तुष्टि देखिएको हुनसक्छ ।

संविधानले वाचा गरेका विधिको शासन, पारदर्शिताजस्ता कतिपय विषयहरू व्यवहारमा कार्यान्वयन हुन सकेन । करिव ३३ वटा मौलिक हकमध्ये राज्यको साधन स्रोत खर्च नहुने अधिकारहरू केही हदसम्म कार्यान्वयन हुन सकेको छ । विशेषरूपमा राज्यले निर्वाह गर्नुपर्ने आर्थिक सामाजिक सांस्कृतिक अधिकार कार्यान्वयनको पक्ष ज्यादै निराशाजनक देखिन्छ । दलीय र राजनीतिक नेतृत्वबाट सहजीकरणको अभाव र कर्मचारीतन्त्रबाट संघीय निकायबाट प्रत्यायोजन हुनुपर्ने अधिकार स्थानीय तह वा प्रदेशलाई हस्तान्तरण गर्न नसकेको कारण संविधान कार्यान्वयन परिणामत सार्थक बन्नसकेको छैन ।

संघीय सरकारले आफ्ना केही अधिकार प्रदेशलाई दिने हो भने पनि संविधान कार्यान्वयन अझै प्रभावकारी देखिने छ । प्रदेश सरकारलाई छायाँमा पार्नेगरी संघले आफ्नो हस्तक्षेप र उपस्थिति नदेखाउने हो भनेमात्रै प्रदेश सरकारले पाएका अधिकार उपयोग गर्न सहज हुनसक्छ । अधिकार केन्द्रीकृत भइरहँदा व्यावहारिकरूपमा संविधानले परिकल्पना गरेजसरी संघीयताको व्यावहारिक परिणाम मुलुकले हासिल गर्न सकिरहेको छैन । केही जानकारहरूको भनाइ हेर्ने हो भने पनि समस्या संविधानमा भन्दा कार्यान्वयनमा रहेको छ ।

नेपालका कानुनहरूको प्रयोग प्रादेशिक संरचनाअनुकूलको नहुँदा समस्या भएको र विशेष क्षेत्र र संरक्षित क्षेत्र बनाउन सकिने संविधानको व्यवस्था कार्यान्वयनमा नआउँदा पहिचानको माग गरिरहेका कतिपय समुदायको असन्तुष्टि कायमै रहेको देखिन्छ । पहिचान क्षेत्रहरू कायम गरेर त्यस सम्बन्धित जातजाति र क्षेत्रलाई स्वायत्तता दिन सकिने प्रावधान संविधानमा भए पनि स्थानीय सरकार सञ्चालन ऐनले त्यसको कार्यान्वयन प्रस्टरूपमा ल्याउन सकेको अवस्था देखिँदैन ।

संविधानमा विभिन्न पक्षमा प्रकट भएका केही असन्तुष्टिका आवाजहरू अझैसम्म साम्य भइसकेको छैन । संविधान संशोधन र पुनरवलोकनका कुराहरू यथावत् छन् । संविधान जारी भएको चार महिनामै गरिएको पहिलो संशोधनले मधेस केन्द्रित राजनीतिक शक्तिले उठाएका कतिपय मागहरू सम्बोधनको प्रयास गरिएको थियो । त्यो अवधिमा दुईपटक संशोधन भइसकेको देशको मूल कानुनमा तेस्रो संशोधन गर्ने विषय अहिले पनि बहसमा आएको छ ।

प्रतिनिधिसभाका दुई ठूला शक्तिले समझदारी गरिसकेका छन् । निर्वाचन क्षेत्र निर्धारण र समावेशितासम्बन्धी केही प्रावधानमा पहिलोपटक संशोधन भएको संविधानमा त्यसको पाँच वर्षपछि नेपालको राजनीतिक नक्सा र प्रतीक चिह्नमा भारतसँगको विवादित भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेट्न दोस्रो संशोधन भयो । संविधान जारी गर्न नेतृत्वदायी भूमिकामा रहेका कांग्रेस-एमालेबीचको गठबन्धनले आगामी निर्वाचनअघि नै यो संविधानमा संशोधन गर्ने प्रतिबद्धता जनाएका छन् । तर, संविधानका के कस्ता धाराहरू परिवर्तन वा संशोधन गर्ने भन्ने स्पष्टरूपमा बाहिर आउन सकेको छैन ।

करिब १० वर्षमा संविधानका परिवर्तनीय व्यवस्थाहरूलाई समयानुकूल परिवर्तन वा संशोधन गर्न सकिने संविधानले नै परिकल्पना गरेको छ । हाल उठिरहेका असन्तुष्टिहरू सम्बोधन गर्ने विषय महत्त्वपूर्ण कदम हुनसक्छ । संसद्मा बहुमत दलले सरकारको नेतृत्व गरिरहेको अवस्थमा प्रतिपक्षी र अल्पमतका राजनीतिक दलहरूसँगसमेत सहमतिमा संविधान संशोधनको कार्य अगाडि बढाए व्यावहारिक र विवादरहित हुनसक्छ । संशोधनका लागि एउटा कार्यदल नै बनाएर अहिलेका चुनौती सम्बोधन गर्न सकिन्छ । संविधानलाई कसरी थप देशको हितमा उदार बनाउन सकिन्छ भन्ने छलफल गहनरूपमा गरेरमात्रै संशोधनको चरणमा प्रवेश गर्नु उपयुक्त देखिन्छ ।

## कोशी प्रदेशसभा

# बजेट पारित, २२ महिनापछि समितिका सभापति चयन

**विराटनगर–** कोशी प्रदेशसभाको पाँचौं अधिवेशन अन्त्य भएको छ। कोशी प्रदेशका प्रमुख पर्शुराम खापुङको कार्यालयबाट नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम अधिवेशन अन्त्यको पत्र सभामुख अम्बरबहादुर विष्टले सदनमा पढेर सुनाएसँगै अधिवेशन समापन भएको थियो।

त्यस अवसरमा सभामुख विष्टले कोशी प्रदेशसभाले यसपटक समयमै बजेट पारित गरी समितिका विषयगत सभापतिसमेत चयन गर्न महत्त्वपूर्ण सफलता हासिल गरेको बताउँदै सभालाई मर्यादित रूपमा सञ्चालन गर्न सत्तापक्ष र प्रतिपक्षसमेत सबैले गरेको सहयोगप्रति आभार प्रकट गरेका थिए। गत वैशाख ३१ गते सुरु भएर झण्डै चार महिना चलेको सो अधिवेशनमा २० पटक बैठक बसेको थियो। कोशी प्रदेशसभा सचिवालयका अनुसार यस अवधिमा बैठक ४७ घण्टा ५८ मिनेट ४३ सेकेन्ड चलेको थियो। सचिवालयका अनुसार पाँचौं अधिवेशनको अन्तिमसम्ममा शून्य समय ८४ पटक र वार्षिक नीति तथा कार्यक्रम, विधेयक तथा मुख्यमन्त्रीको विश्वासको मतसम्ममा एक सय ४३ पटक प्रदेशसभा सदस्यले आ-आफ्नो मन्तव्य राखेका थिए।

यस अधिवेशनमा आर्थिक विधेयकबाहेक अरू तीन विधेयक पारित भए। केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निजामती सेवा ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ (२०८१) तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०८१ पारित भएका छन्।

प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयकमा चार संशोधन प्रस्ताव दर्ता भएकामा अधिकांश संशोधन सरकारले स्वीकार गरेकाले संशोधनकर्ता प्रदेशसभा सदस्यहरूले संशोधन फिर्ता लिएपछि उक्त विधेयक सर्वसम्मतले पारित भएको थियो। यस्तै प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐनलाई संशोधन गर्न बनेको २०७७ (विधेयक २०८१) मा कुनै संशोधन सर्वसम्मतिले पारित भएको छ।

यही सभामा कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गरेका छन्। दुईतिहाइ मतसहित उनले विश्वासको मत प्राप्त गरेका हुन्। कोशी प्रदेशमा ९३ प्रदेशसभा सदस्य छन्। नेकपा एमालेका ४०, नेपाली कांग्रेसका २९, नेकपा माओवादी केन्द्रका १३, राप्रपाका छ, नेकपा एकीकृत समाजवादीका चार र जसपाका एक प्रदेशसभा सदस्य छन्। कोशी प्रदेशमा नेपाली कांग्रेसको समर्थन र सहभागितामा एमालेको सरकार छ।

मत विभाजनको प्रक्रियामार्फत भएको मतदानमा पक्षमा ६६ मत प्राप्त भएको थियो भने विपक्षमा १५ मत प्राप्त भएको छ। एकीकृत समाजवादीका दुई सदस्यले मतदानमा भाग लिएनन्। मतदानका क्रममा प्रदेशसभाका ८३ सदस्य उपस्थित रहेका थिए। यसअघि मुख्यमन्त्री कार्कीले वैशाख ३१ गते विश्वासको मत लिएका थिए। गत भदौ १४ गते माओवादी केन्द्रले समर्थन फिर्ता लिएपछि पुनःविश्वासको मत लिनुपरेको हो।

यही अधिवेशनमा प्रदेशसभाको दोस्रो कार्यकालको २२ महिनासम्म विषयगत समितिका सभापति छनोट हुन सकेका थिएनन्। पछिल्लो समयमा केन्द्रीय राजनीतिमा आएको परिवर्तन पछि कोशी प्रदेशमा नेपाली कांग्रेस र नेकपा एमालेको समीकरण बनेपछि कोशी प्रदेशमा सातवटै समितिमा सर्वसम्मतले सभापतिहरू चयन भएका छन्। त्यसमा एमालेका तीन, नेपाली कांग्रेसका तीन र माओवादी केन्द्रका एक जना निर्विरोध निर्वाचित भएर कोशी प्रदेशसभामा सहमति, सहकार्य र एकता देखिन पुगेको छ।

कोशी प्रदेशसभामा आर्थिक वर्ष २०८१/८२ का लागि सरकारले ल्याएको सिद्धान्त र प्राथमिकता तथा त्यसमा आधारित नीति र कार्यक्रमअनुसार सरकारले करिब ३५ अर्ब रूपैयाँको वार्षिक बजेट प्रस्तुत गरेको थियो। बजेटमा आएका प्रतिक्रिया र सुझावलाई मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सकारात्मक रूपमा लिने र यसलाई विधि एवं प्रक्रियाबाट परिस्कृत गर्ने घोषणा गरेपछि बजेट पनि सर्वसम्मतले पारित भएको थियो।

अधिवेशन समापनका अवसरमा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले अब सरकारले कुरा गर्ने होइन काम गरेर देखाउनुपर्ने सुझाव दिँदै नेपाल निर्माण गर्न एमाले र नेपाली कांग्रेसको नयाँ समीकरण बनेको जानकारी दिए। एमालेका प्रमुख सचेतक रेवतीरमण भण्डारीले अहिलेको सरकारले जनतालाई दिने सेवाप्रवाहलाई अझ व्यवस्थित गर्ने भन्दै सरकार बनेको थोरै समयमा प्रदेशबाट अस्थायी सवारी चालक अनुमतिपत्र दिने काम सुरु गर्नु र प्रदेशमा देखिएका बेरुजु खर्च घटाउनु सराहनीय रहेको बताए।

माओवादी केन्द्र संसदीय दलका नेता इन्द्रबहादुर आंबोले प्रदेशसभा राजनीतिक अस्थिरताको छायाँ बन्न नहुने बताउँदै प्रदेशसभा स्वतन्त्र रूपमा चल्नुपर्ने जिकिर गरे। एकीकृत समाजवादी संसदीय दलका नेता राजेन्द्रकुमार राईले सरकारले आन्दोलन र निर्वाचनताका जनतासँग गरेको कबुल पूरा गर्न सुझाव दिँदै सरकारले समयको संकेत बुझेर काम गर्न आग्रह गरे।

राप्रपा संसदीय दलकातर्फबाट निमसरी राजवंशीले सरकारको राम्रो कामको समर्थन र खराब कामको खबरदारी गर्ने जनाउँदै सरकारले चाडपर्वको समयमा सीमाक्षेत्रमा हुने तस्करी, लागू र दुर्व्यसनीलाई नियन्त्रण गर्न आवश्यक कदम चाल्नुपर्ने माग गरिन्। जनता समाजवादी पार्टी संसदीय दलकी नेता निर्मला तावा लिम्बूले आफ्नो पार्टीले सरकारलाई सहयोग गर्ने वातावरण हुँदाहुँदै पनि सरकारले आफूहरूसँग विश्वासको मतका लागि आग्रह नगरेकामा दुःख व्यक्त गरिन्।

विगतमा विशेष समय र शून्य सममयमा उठेका प्रश्नहरूको जवाफ दिँदै आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर मगरले प्रदेशमा देखिएका समस्यालाई समाधान गर्न सरकार गम्भीर रहेको बताए। उनले संघमा कतिपय कानुन निर्माण नभएकाले प्रदेश सरकार अप्ठ्यारोमा परिरहेको गुनासो गरे। *रासस*

### सूचना

यस रिलायन्स सुगर एण्ड केमिकल्स प्रा. लि. बाट उत्पादित निम्न स्प्रीट तथा ई. एन. ए. मिति २०८१/०६/०७ गतेदेखि कारखाना रेट (Ex- Factory) मूल्यमा बिक्री गरिने भएकोले सबैको जानकारीको लागि यो मूल्यसूची प्रकाशित गरिएको छ। यस मूल्यमा अन्त शुल्क तथा मु.अ. कर समावेश छैन।

1. Rectified spirit (Rs) प्रतिलिटर रु ९०/-
2. Extra Neutral Alcohal (ENA) प्रतिलिटर रु ११८/-
3. Denature Spirit (DS) प्रतिलिटर रु १०/-

**रिलायन्स सुगर एण्ड केमिकल्स ईण्डष्ट्रीज प्रा. लि.,**
**कलैया उ.म.नपा २४, बारा**

### श्री दिवाकर स्मृति माध्यमिक विद्यालय

माडी-५ चितवन, फोन नं.: ९८५५०५२७५९, ९८४५०५६७५९
इमेल: diwakarschool067@Gmail.com

## सूचिकृत हुने बारे

**प्रथम पटक प्रकाशित मिति: २०८१/०६/०७**

श्री दिवावर स्मृति माध्यमिक विद्यालय माडी-५ चितवन र सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय वागमती प्रदेश हेटौडा बीच मिति २०८१/०५/३१ गरेको यस विद्यालय बस खरीद सम्झौता र विद्यालयबीच समितिको मिति २०८१/०६/०६ गते को निर्णय अनुसार सार्वजनिक खरीद ऐन २०६३ को दफा ८ को उपदफा १ खण्ड 'क' को नियम ३१'ख' मा भएको व्यवस्थाको अधिनमा रहि सार्वजनिक खरीद ऐन ०६३ को दफा ६५ को उपदफा १ 'ख' को अधिकार प्रयोग गरी क्याटलग सपिङ विधी अन्तर्गत रही इच्छुक सम्बन्धित व्यवसायी, फर्म, उत्पादक, वा अधिकृत विक्रेताहरु बाट सूचना प्रकाशीत गरिएको मितिले ३० दिनभित्र सुचिकृत हुन आउन आह्वान गरिन्छ ।

**आवश्यक कागजातहरू**

१ नेपाल सरकारमा दर्ता भएको फर्म सक्कली कागजातहरु
२ अधिकृत विक्रेताको प्रमाणपत्र
३ करचुक्ता प्रमाणपत्र
४ नागरिकता प्रमाणपत्रको प्रतिलीपी

प्रधानाध्यापक


### HISAN INTERNATIONAL PVT. LTD.

Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2081/06/07)*

**FRIGOGLASS (CHEST FREEZER/FLATGLASS)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 100 Ltr | FH1D 110CT | 31,508.14 |
| 2 | 230 Ltr | FH1D 250CT | 41,652.63 |
| 3 | 335 Ltr | FH2D 350CT | 47,507.50 |
| 4 | 440 Ltr | FH2D 450CT | 58,352.92 |
| 5 | 550 Ltr | FH2D 560CT | 65,630.56 |
| 6 | 225 Ltr | FG2D 250CT | 48,949.29 |
| 7 | 330 Ltr | FG2D 350CT | 58,610.44 |
| 8 | 435 Ltr | FG2D 450CT | 69,982.50 |
| 9 | 545 Ltr | FG2D 550CT | 79,432.09 |

**FRIGOGLASS SHOWCASE**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 10 | 200 Ltr | VG1D 200 | 53,429.23 |
| 11 | 250 Ltr | VG1D 250 | 56,755.82 |
| 12 | 295 Ltr | VG1D 295 | 59,023.26 |
| 13 | 370 Ltr | VG1D 370 | 64,464.35 |
| 14 | 450 Ltr | VG1D 450 | 80,489.35 |
| 15 | 600 Ltr | VG1D 600 | 98,479.71 |
| 16 | 1000 Ltr | VG2D 1000 | 162,730.72 |

*All prices are inclusive of VAT.



## कतारमा रोजगार

कम्पनी : Qatar Airways SSP LLC
शहर : QATAR

पूर्व स्वीकृति मिति २०८१/०६/०४ | LT. No. 311129 | चलानी नं. ६०२२५६७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 2 | 0 | 1500 | ५५,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 5 | 4 | 1500 | ५५,०२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

GLOBAL OVERSEAS SERVICES PVT. LTD
Opposite of Chirayu National Hospital, K.M.C. - 03, Basundhara, Kathmandu, Tel: 01- 4377864, 4371146
Email: info@globaloverseas.com.np, info.gos96@gmail.com, Web: www.globaloverseas.com.np

## बहराइनमा रोजगार

कम्पनी : MADHAWDAS GOPALDAS & SONS W.L.L

पूर्व स्वीकृति मिति : २०८०/१२/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 302528 | चलानी नं. ६०२१७२५६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 3 | 0 | 100 | ३५,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Elite Gurkhas Overseas Pvt. Ltd. | श्रम इजाजत नं.५३५/०६१/०६२
Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

## युएईमा रोजगार

कम्पनी : AL LAITH PROJECTS SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 311093 | चलानी नं. ६०२२५८७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolder | 75 | 0 | 1200 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

JOBS CENTER PVT. LTD. (My Careers H.R. Solutions Pvt. Ltd.) | श्रम इजाजत नं. २२७/०५८/५९
Bansbari, Kathmandu, Nepal, Tel: 015906752, 015906753, 014375876

## बहराइनमा रोजगार

कम्पनी : MOHAMMED JALAL CATERING

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 311004 | चलानी नं. ६०२२५७१७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 15 | 0 | 150 | ५३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Drivers | 4 | 0 | 135 | ४७,९५५ | | | | | | | |
| 3 | HGV Drivers | 4 | 0 | 160 | ५६,८३५ | | | | | | | |
| 4 | Kitchen Aide | 20 | 0 | 126 | ४४,७५५ | | | | | | | |
| 5 | Waitress/waiter | 30 | 15 | 135 | ४७,८५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

RADIUM INTERNATIONAL EMPLOYMENT SERVICES PVT.LTD | Govt. License No. 968/067/068
New Baneshwor-31, Kathmandu, Nepal, Tel: 01-4589492, 4585172, E-mail : info@radiumemployment.com, Web: https: www.radiumemployment.com

## कुवेतमा रोजगार

कम्पनी : AL NADAR CENTRAL MARKET COMPANY

पूर्व स्वीकृति मिति २०८०/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०६ | LT. No. 295496 | चलानी नं. ६०२१०४००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 0 | 120 | ५१,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 4 | 0 | 150 | ६५,३५० | | | | | | | |
| 3 | Sales Assisstant | 5 | 0 | 130 | ५६,२७० | | | | | | | |
| 4 | Sales Man | 8 | 0 | 150 | ६५,३५० | | | | | | | |
| 5 | Security Guard | 4 | 0 | 150 | ६५,३५० | | | | | | | |

कम्पनी : KOHL AND DERM SALON FOR WOMEN'S BEAUTY

पूर्व स्वीकृति मिति : २०७९/१०/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०६ | LT. No. 280832 | चलानी नं. ६०१९६४३४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HAIRDRESSER | 0 | 3 | 150 | ६५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | PEDICURE & MANICARE | 0 | 3 | 150 | ६५,३५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

Omega International Pvt. Ltd. | Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LABAQA CO.FOR THE DELIVERY OF CONSUMER ORDERS WLL

पुर्व स्वीकृति मिति २०८१/०२/३० | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०६ | LT No :306429 | चलानी नं. ६०२२११२१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 13 | 0 | 135 | ५८,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

Ganapati Overseas Pvt.Ltd. | श्रम ईजाजत नं. २५८/०५८/०५९
Sinamangal -9 Kathmandu, Mobile: 9813951511, 9851023416,9851002766
Email: ganapatioverseas8093@gmail.com

## साउदी/युएईमा रोजगार

कम्पनी : MUSAED ABDUL LATIF AL-GHAMLAS CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311111 | चलानी नं. ६०२२५६८१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 12 | 0 | 1100 | ३९,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

कम्पनी : PARAGON EMPLOYMENT SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०५/३० | LT. No. 310859 | चलानी नं. ६०२२५३९७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 200 | 0 | 800 | २९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

HAMDAN GLOBAL PVT. LTD. | License No. : 1563/079/080
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com

## साउदीमा रोजगार

कम्पनी : Utilities & Industrial Power Services Gen. Contracting Co. Ltd

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311127 | चलानी नं. ६०२२५६३९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 5 | 0 | 1700 | ६०,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SOLTY CAR WASH FOR CAR SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311055 | चलानी नं. ६०२२५६३८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaners | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

Honesty Overseas Pvt.Ltd. | श्रम इजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com, Web: www.honestyoverseas.com.np


### PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVE
### PANCHKHAL, KAVREPALANCHOK
### BAGMATI PROVINCE, NEPAL

## Invitation for Bids

**Date of publication: 2081/06/07**

Panchkhal Municipality invites sealed quotation from Nepalese eligible bidders for the Supply of Goods (as mentioned in the table below).

| S. N. | IFB NO. | Description of work | Bid security amount (NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|
| 1 | PMUN/SQ/GOODS/MED/01/2081/082 | Procurement of Medicine and Surgical Equipment for Panchkhal Municipality | 70,000/- | 1,000/- |

| Code | Name of the bank, office account no | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. 11691 | Nepal Bank ltd., Panchkhal Branch<br>For Bid Fee<br>Account No.- 12403000001001000001<br>Account Name :- Panchkhal GA 1.1 AANTARIK RAJASWA<br>For Bid Security<br>Account No.- 12403000003000000001<br>Account Name :- GA 3.1 Panchkhal Na PASTHANIYA TAHA | on or before 12:00 Noon on 2081/06/22 or 2024/10/08 | 2081/06/22 at 1:00 PM, at the office of Panchkhal Municipality. | 45/75 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, panchkhal.municipality@gmail.com, 011499453 or may visit PPMO website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***

## 'एक्टरः टेक वन' का तीन पोस्टर सार्वजनिक

आगामी कात्तिक १५ मा रिलिज हुन लागेको बहुप्रतीक्षित नेपाली चलचित्र 'एक्टरः टेक वन' का तीन नयाँ पोस्टर एकसाथ सार्वजनिक गरिएको छ । निर्माता थमनकुमार भण्डारीका अनुसार यी पोस्टरहरु आगामी प्रचारप्रसारका लागि प्रयोग गरिने छ । पोस्टर रोयल भिमसेन र ट्राइडेन्ट कन्सेप्ट टिमले डिजाइन गरेको बताइएको छ । पोस्टरमा चलचित्रका प्रमुख कलाकारहरु सुपरस्टार प्रदिप खड्का, अभिनेत्री आना शर्मा र दिव्या रायमाझीलाई प्रस्तुत गरिएको छ ।






# 'पानी रङ'को सहरमा ४७ कलाकारका ५५ कलाकृति प्रदर्शनमा

गण्डकी- पानी धेरै पर्ने भएकाले पोखराले नेपालको चेरापुँजी भन्ने उपमा पाउने गरेको छ। क्षणभरमा पानी पर्ने र क्षणभरमा घाम लाग्ने पोखराको विशेषता भएकाले यसलाई नेपालको धेरै पानी पर्ने ठाउँका रूपमा चिनिन्छ। प्राकृतिक सोन्दर्यले भरिपूर्ण पोखरालाई कलाका क्षेत्रमा 'पानी रङ'को सहर पनि भनिन्छ।

माछापुच्छ्रे हिमाल फेवातालमा पौडी खेल्ने यहाँको प्राकृतिक विशिष्टतालाई विभिन्न कलाकार तथा साहित्यकारले आफ्ना कला र साहित्यमा चित्रित गर्दै आएका छन्। कलाप्रेमीले यहाँको सौन्दर्यतालाई कलाका माध्यमबाट प्रस्तुत गर्दै विभिन्न समयमा प्रदर्शनीसमेत गर्दै आएका सिर्जनशील कलाकार समूह पोखराका अध्यक्ष डिबी गुरुङले बताए । समूहको सक्रियतामा कला लक्षित विभिन्न कार्यक्रमका साथै वर्षको एकपटक मनसुन कला प्रदर्शनी गर्दै आइएको उनले जानकारी दिए ।

'समूहको सक्रियतामा बर्सेनि गर्दै आएको प्रदर्शनीअन्तर्गत यस वर्ष असोज ३ गतेदेखि 'चौथो सामूहिक कला प्रदर्शनी २०८१' पोखरा आर्ट ग्यालरीमा सञ्चालन भइरहेको छ,' गुरुङले भने, 'यस प्रदर्शनीमा अग्रज तथा अनुज पुस्ताका ४७ कलाकारबाट सिर्जित ५५ कलाकृति प्रदर्शनमा राखिएका छन् ।' प्रदर्शनीमा पुगेका जो कोहीले भित्तामा टाँसिएका हरेक कलाकृतिलाई अभिरुचिपूर्वक अवलोकन गरिरहेका उनले बताए ।

देशका विभिन्न स्थान र परिवेशलाई आफ्ना कलामा प्रस्तुत गरिएका कलाकृतिले आन्तरिक तथा बाहय पर्यटकलाई आकर्षित गरिरहेको अध्यक्ष गुरुङले जानकारी दिए। कलाका क्षेत्रमा लामो समयदेखि अनवरत लागेका बुद्धि गुरुङ, लोकप्रसाद गुरुङ, गोपाल श्रेष्ठ, क्षेत्रलाल कायस्थलगायत अनुज पुस्ताका युवा कलाकारका कलाकृति प्रदर्शनीमा राखिएका उनले उल्लेख गरे। प्रदर्शनीमा कलाकार गोपाल दराईले तयार पारेको ओखलढुंगाको कलाकृतिदेखि प्राज्ञ नगेन सिंहले तयार गरेको बैतडीस्थित पात्ताल भुवनेश्वर गुफालगायत कलाकृतिले विभिन्न स्थान र परिवेशलाई जीवन्त प्रस्तुत गरेको देखिन्छ । नेपालको गहिरो गुफाका रूपमा पात्ताल भुवनेश्वर परिचित छ । त्यस्तै वरिष्ठ कलाकार बुद्धि गुरुङको पशुपतिनाथ, सौगात गुरुङको फेवाताललगायत कला प्रदर्शनीका आकर्षण बनेका छन् ।

ग्यालरी छिरिसकेपछि कलाकार जित गुरुङले तयार गरेको गुरुङ पैडी (ज्योतिषि) को मूर्तिले जो कोहीको मन छुने गरेको छ। गुरुङ समुदायका मानिसले आफ्नो जन्म, मृत्यु, विवाहलगायत संस्कार, शुभ-अशुभ कार्यमा पैडीबाट सेवा लिने विषयलाई उक्त मूर्तिकलामार्फत जानकारी दिन खोजिएको छ।

हालै उक्त मूर्ति तयार गरेको जानकारी दिँदै कलाकार गुरुङले आफूले यस्ता विभिन्न कलाकृति तयार गरिरहेको बताए। प्रदर्शनीमा डिबी गुरुङले पानी रङमा तयार गरेको कास्कीका पर्यटकीय गुरुङ गाउँहरू घान्द्रुक, ताङ्तिङका कला राखिएका छन्। हिमाली तथा लेकाली जीवनलाई ती कलाकृतिले जीवन्त चित्रण गरिरहेका छन् ।



त्यस्तै दुर्गा केसीको पदयात्रा, संगीता घिमिरेको बुद्धलगायत कला प्रदर्शनीमा सजाइएका छन्। अमृत परियारले तयार गरेको माछापुच्छ्रे हिमालसँगै रहेको चौरी, लोकप्रसाद गुरुङको रोपाइँ, वामन चालिसेको क्यारिकेचरले समाजका विविधतालाई प्रस्तुत गर्न खोजेको देखिन्छ । प्रदर्शनी सुरु भएयता अवलोकन गर्न आउने दर्शकको संख्या दिनप्रतिदिन बढ्दै गएको युवा कलाकार स्मृति गुरुङले बताइन्। पछिल्ला समयमा कलाकारप्रति धेरै युवाको आकर्षण बढ्दो रहेको पाइएको उल्लेख गर्दै उनले कक्षा १२ को परीक्षा दिएर कला सिकिरहेको जानकारी दिइन्।

पछिल्ला समयमा पठन संस्कृति हराउँदै गएजस्तै कलाप्रतिको आकर्षण पनि घट्दै गएको समूहका अध्यक्ष गुरुङले कलाप्रति युवाको आकर्षण बढाउनु प्रदर्शनीको मुख्य उद्देश्य रहेको बताए । 'कला सिर्जनाप्रति पछिल्लो समयमा आकर्षण घट्दै गएको देखिन्छ,' उनले भने, 'यसतर्फको आकर्षण बढाउँदै सिर्जनात्मक क्षमता अभिवृद्धि गराउने उद्देश्यले प्रर्दशनी आयोजना गरेका छौं। यसबाट युवामा सकारात्मक प्रभाव रहेको अपेक्षा गरेका छौं ।'

कला क्षेत्रको विकासका लागि करिब दुई दशकदेखि सिर्जनशील कलाकार समूहमा आबद्ध भई विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको अध्यक्ष गुरुङले जानकारी दिए। उनका अनुसार हाल समूहमा ५० जना कलाकर्मी आबद्ध छन् । यही असोज ३ गतेदेखि सुरु भएको प्रदर्शनी असोज ९ गतेसम्म सञ्चालन हुने छ । *रासस*





## एसियन कराते च्याम्पियनसिपमा एरिकालाई रजत पदक

**काठमाडौं (प्रस)**- २० औं एसियन सिनियर कराते च्याम्पियनसिपमा नेपालकी एरिका गुरुङले रजत पदक प्राप्त गरेकी छन् ।

चीनको हाङ्जाउमा आइतबार भएको खेलमा ६८ किलो माथिको तौल समूहको फाइनल खेलमा एरिका भियतनामकी नाओन थि नुयेनसँग ६-० अंकले पराजित भइन् । यसअघि सेमिफाइनल खेलमा उनले थाइल्याण्डकी केवलिन सोङगलिनलाई ८-० अंकले हराउँदै फाइनलमा स्थान बनाएकी थिइन् ।

एसियन कराते फेडरेसनले आयोजना गरेको एसियन च्याम्पियनसिपमा एरिकाले प्राप्त गरेको रजत पदक नै नेपालका लागि पहिलो हो । अहिलेसम्म कुनै पनि नेपाली खेलाडीले एसियन सिनियर कराते च्याम्पियनसिपमा पदक जित्न सकेका छैनन् ।

एरिकाले प्रि-क्वाटरफाइनलमा फिलिपिन्सकी इसाबेल अरियन्ने ब्रिटोलाई ४-० अंकले पराजित गरेकी थिइन । उनले क्वाटरफाइनल खेलमा कजाकिस्तानकी सोफिया बेरुल्टसेभालाई पराजित गरेकी थिइन् ।

### काभा महिला भलिबल क्लब च्याम्पियनसिप

## नेपाल पुलिस क्लबले जित्यो उपाधि




**काठमाडौं (प्रस)**- नेपाल पुलिस क्लबले काभा महिला भलिबल क्लब च्याम्पियनसिपको उपाधि जितेको छ । माल्दिभ्सको मालेमा शनिबार भएको फाइनल खेलमा पुलिस क्लबले उज्वेकिस्तानको हुमो भिसीलाई ३-० सोझो सेटमा हराउँदै उपाधि जितेको हो ।

उक्त प्रतियोगितामा पुलिस क्लब अपराजित रह्यो । पुलिस क्लबले पहिलो सेट २५-१६ अंकले जितेको थियो । दोस्रो सेट पनि उसले २५-२२ अंकले जितेको थियो । तेस्रो सेटमा २५-२३ अंकको जित निकाल्दै पुलिस क्लबले उपाधि हात पारेको हो ।

यसअघि पुलिस क्लबले लिग चरणको पहिलो खेलमा उज्वेकिस्तानको हुमो भिसीलाई नै ३-० सोझो सेटमा पराजित गरेको थियो । यस्तै अन्य खेलमा पुलिस क्लबले श्रीलंकाको श्रीलंका एयर फोर्स र ताजकिस्तानको डाइमेड भलिबल क्बललाई ३-० सेटले नै पराजित गरेको थियो । यस्तै पुलिस क्लबले माल्दिभ्सको वाम्कोलाई ३-२ सेटले तथा लिग चरणको अन्तिम खेलमा घरेलु टोली माल्दिभ्स पुलिस क्लबलाई ३-१ सेटले पराजित गरेको थियो ।

# दुई वर्षदेखि खेलमैदान अलपत्र



**ढोरपाटन (बागलुङ)**- बागलुङ नगरपालिका-४ ओडारचौरमा नौ वर्ष अघि सुरु निर्माण भएको बहुउद्देश्यी खेलमैदान दुई वर्षदेखि अलपत्र परेको छ । दुई वर्षदेखि कुनै पनि निकायबाट बजेट नपर्दा खेलमैदान अलपत्र परेको हो ।

स्थानीयको सक्रियतामा ठाडो खोल्सालाई सम्याएर खेलमैदान बनाउन थालिएको थियो । उक्त खेलमैदान निर्माण सुरु भएको नौ वर्षसम्ममा ७५ प्रतिशतमात्रै काम सकिएको ओडारचौर बहुउद्देश्यी खेलमैदानका अध्यक्ष रामप्रसाद आचार्यले बताए ।

लामो समयदेखि काम रोकिएपछि बनेका संरचना जीर्ण भएका छन् भने प्याराफिटसमेत भत्किएका छन् । खेलमैदान निर्माणका लागि बागलुङ नगरपालिका, गण्डकी प्रदेश र स्थानीयले लाखौं लगानी गरेका छन् ।

खेलमैदानका लागि उपयुक्त ठाउँ छनोट नहुँदा समस्या आएको स्थानीय बताउँछन् । ठाडो खोलामा बर्खाको समयमा भेल आउने हुँदा खेलमैदानसहित त्यहाँ बनेका संरचना बगाउने गरेको छ। यसबाट हरेक वर्ष लाखौंको संरचना नष्ट हुँदै आएको छ ।

बर्खाको भेलले सडकको माटो, ढुंगासहितको गग्रेटाले खेलमैदानको अस्तित्व मेटाइदिएको आचार्यको भनाइ छ। खेलमैदान वरपर झाडी पलाएको छ भने प्याराफिटमा लेउ लागेको छ। बीच भागमा हिलाम्मे हुँदा खेल खेल्न नमिल्ने बनेको छ।

खेलमैदानका अध्यक्ष आचार्यका अनुसार खेलमैदान निर्माणका लागि हालसम्म स्थानीयबाट ३० लाख रूपैयाँ संकलन भएको, प्रदेश र स्थानीय सरकारबाट ३० लाख रूपैयाँ र जनश्रमदानदान गरी करिब एक करोड रूपैयाँ लगानी भएको छ । 'करोड लगानी भएको खेलमैदानमा अहिले खेल्नसक्ने अवस्था छैन । खेलमैदान प्रगति हालसम्म ७५ प्रतिशत सकिएको छ। बाँकी काम गर्न प्रदेश र स्थानीय सरकारले सहयोग गर्नुपर्छ,' उनले भने । खेलमैदानलाई पूर्णता दिन थप ८० लाख रूपैयाँ आवश्यक पर्ने अनुमान गरिएको अध्यक्ष आचार्यले जानकारी दिए । बागलुङ बजारस्थित निर्माणाधीन उक्त खेलमैदानमा विभिन्न कार्यक्रम, सभा, सम्मेलन गर्न सकिने उनले बताए ।


'यहाँका युवाको सक्रियतामा खेलमैदान बनाउन सुरु गरिएको हो, धेरै वर्ष भयो बनाउन थालेको अहिलेसम्म पूर्णता पाउन सकेको छैन। बागलुङ बजार छेउमा रहेकाले यहाँ सभा, समारोह गर्न उपयुक्त मानिन्छ। बजेट अभावले कामलाई निरन्तरता दिन सकिएको छैन,' अध्यक्ष आचार्यले भने, 'यो ठाउँमा ठूलो खाल्डो थियो, खाल्डो पुरेर खेलमैदान बनाउन थालेका हौं, ओडारचौरवासीले श्रमदानसँगै आर्थिक सहयोग पनि गर्नुभएको छ । यहाँबाट विदेश गएका युवाले पनि रकम पठाएर सहयोग गर्नुभएको छ।' बजेट विनियोजन गरी निर्माणलाई निरन्तता दिन सरोकार भएका निकायसँग माग गरे पनि सुनुवाइ नभएको उनले बताए ।

बागलुङ-४ का अध्यक्ष कुमारविक्रम क्षेत्रीले खेलमैदान निर्माण गरेको भूगोल नमिलेको भन्दै प्राविधिक कमजोरीका कारण अहिलेसम्म सम्पन्न हुन नसकेको बताए । पहिले मैदान निर्माणमा सक्रिय कतिपय युवा विदेश पलायन भएको भन्दै अन्यले चासो नदिँदा समयमा काम हुन नसकेको उनको भनाइ छ। नगरपालिकाले पनि लाखौं रकम यहाँ लगानी गरेको बताउँदै बर्खा लाग्यो भने खेलमैदान डुबानमा पर्ने अध्यक्ष क्षेत्रीले उल्लेख गरे ।

उनले भने, 'यहाँ केही प्राविधिक कमीका कारण खेलमैदान सञ्चालन गर्न सकिएको छैन । अलपत्र परेको मैदान निर्माणका लागि प्राविधिक कमजोरी कसरी समाधान गर्ने भनेर सरोकार भएकासँग छलफल गर्ने योजना बनाएका छौं । यसलाई पूर्णता दिन आर्थिक, प्राविधिक सहयोगका लागि नगरपालिका र प्रदेश सरकारसँग पहल गर्नेछु ।' *रासस*

# अलजजिरा टिभीमाथि इजरायलको प्रतिबन्ध

## वेस्ट बैंकमा ४५ दिनका लागि बन्द गर्न आदेश



**रमल्लाह (प्यालेस्टिनी अधीनस्थ क्षेत्र)–** वैश्विक समाचार च्यानल अलजजिराले आइतबार कब्जा गरिएको वेस्ट बैंकको रामल्लाहमा रहेको आफ्नो कार्यालयमा सशस्त्र र मास्क लगाएको इजरायली सेनाले छापा मारेको र ४५ दिनका लागि बन्द गर्ने आदेश जारी गरेको बताएको छ । अरब प्रसारक अलजजिरा र इजरायली प्रधानमन्त्री बेञ्जमिन नेतान्याहूको सरकारबीच लामो समयदेखि चलिरहेको झगडाको यो पछिल्लो घटना हो । गाजामा भइरहेको युद्धको समयमा यो अझ बिग्रिएको छ ।

अक्टोबर ७ मा हमास लडाकुहरूले इजरायलमाथि आक्रमण गरेपछि युद्ध सुरु भएयता अलजजिराले इजरायलको अभियानको प्रभावबारे निरन्तर प्रत्यक्ष रिपोर्टिङ गरिरहेको छ । इजरायली सेनाले बारम्बार कतारस्थित नेटवर्कका पत्रकारहरूलाई हमास वा यसको सहयोगी इस्लामिक जिहादसँग सम्बन्ध भएको आरोप लगाउँदै आएको छ । अलजजिराले इजरायलका आरोपहरूलाई जोडदाररूपमा अस्वीकार गरेको छ । साथै इजरायलले गाजा पट्टीमा आफ्ना कर्मचारीहरूलाई व्यवस्थितरूपमा लक्षित गर्ने गरेको अलजजिराको भनाइ छ । गाजामा युद्ध सुरु भएयता अलजजिराका चार जना पत्रकार मारिएका छन् । गाजामा रहेको नेटवर्कको कार्यालयमा पनि बम हमला गरिएको थियो । इजरायली सेनाले बन्द गर्ने आदेशको कारण नबताएको जनाएको छ अलजजिराले बताएको छ ।

'अलजजिरालाई ४५ दिनका लागि बन्द गर्ने अदालतको फैसला छ,' एक इजरायली सैनिकले अलजजिराका वेस्ट बैंक ब्युरो प्रमुख वालिद अल-ओमारीलाई नेटवर्कमा प्रत्यक्ष प्रसारण गरिएको कुराकानीमा भने । फुटेजअनुसार ती सैनिकले भने, 'म तपाईंलाई सबै क्यामेराहरू लिएर यही क्षण कार्यालय छोड्न अनुरोध गर्दछु ।'

अलजजिराका अनुसार ओमारीले आदेशमा नेटवर्कमाथि 'आतंकवादलाई उक्साएको र समर्थन गरेको' आरोप लगाइएको बताए । ओमारीले भने, 'पत्रकारहरूलाई यस प्रकारले लक्षित गर्नुको उद्देश्य सधैं सत्यलाई मेटाउनु र मानिसहरूलाई सत्य सुन्नबाट रोक्नु हो ।' इजरायली सेनाले टिप्पणीको अनुरोधमा तत्काल जवाफ दिएको छैन । रामल्लाहस्थित प्यालेस्टिनी विदेश मन्त्रालयले आइतबारको कारबाहीलाई प्रेस स्वतन्त्रताको 'घोर उल्लंघन' भनेर निन्दा गरेको छ ।

'अलजजिरा कार्यालय बन्द गर्नुले प्यालेस्टिनी जनताविरुद्ध (इजरायली) कब्जाका उल्लंघनहरू बताउने मिडियाको कामलाई अवरोध गर्ने कब्जाको प्रयासलाई पुष्टि गर्दछ,' वेस्ट बैंकमा आंशिक प्रशासनिक नियन्त्रण रहेको प्यालेस्टिनी प्राधिकरणको सरकारी मिडिया कार्यालयका निर्देशक मोहम्मद अबु अल-रुबले भने ।

अप्रिलमा, इजरायली संसद्ले राज्यको सुरक्षाका लागि हानिकारक मानिने विदेशी मिडिया प्रसारणमाथि प्रतिबन्ध लगाउने अनुमति दिने कानुन पारित गरेको थियो । उक्त कानुनको आधारमा इजरायल सरकारले मे ५ मा अलजजिरालाई इजरायलबाट प्रसारण गर्न प्रतिबन्ध लगाउने र यसका कार्यालयहरू प्रारम्भिक ४५ दिनका लागि बन्द गर्ने निर्णय अनुमोदन गर्‍यो र यसलाई गत साता तेल अभिव अदालतले चौथोपटक थप गर्‍यो ।

अलजजिराले अदालतको उक्त निर्णयलाई 'आपराधिक' भनी निन्दा गर्दै यसले सूचना पाउने मानवअधिकारको उल्लंघन गर्ने बतायो । इजरायल सरकारले गत हप्ता देशमा रहेका अलजजिराका पत्रकारहरूको प्रेस प्रमाणपत्र खारेज गर्ने घोषणा गरेको थियो । यो बन्दले अलजजिराले अझै पनि इजरायलको प्यालेस्टिनी लडाकुहरूसँगको युद्धको कभरेज गरिरहेको वेस्ट बैंक वा गाजा पट्टीबाट हुने प्रसारणलाई प्रभावित गरेको थिएन । अलजजिराकी संवाददाता निदा इब्राहिमले नेटवर्कको वेस्ट बैंक कार्यालय बन्द गर्ने कार्य इजरायल भित्रबाट रिपोर्टिङमा लगाइएको पहिलेको प्रतिबन्धपछि 'आश्चर्यजनक' नभएको बताइन् । ' *रासस/एएफपी*

# इरानको कोइला खानीमा विष्फोट, ५१ जनाको मृत्यु

तेहरान- इरानको पूर्वी क्षेत्रमा भएको कोइला खानी विष्फोटमा परी मृत्यु हुनेको संख्या ५१ पुगेको इरानको सरकारी सञ्चारमाध्यमले आइतबार जानकारी दिएका छन् । 'ताबास खानीमा भएको विष्फोटमा परी मृत्यु हुने कामदारको संख्या ५१ पुगेको छ भने घाइतेको संख्या २० पुगेको छ,' सरकारी समाचार संस्था इर्नाले जनाएको छ ।

यसअघि, पूर्वी इरानको एक कोइला खानीमा ग्यास चुहिएर भएको विष्फोटमा परी कस्तीमा ३० जनाको मृत्यु भएको र २० जनाभन्दा बढीको अवस्था अज्ञात रहेको इरानी अधिकारीले बताएका थिए । इरानको रेड क्रिसेन्टले खानीमा खोजी तथा उद्धार कार्य जारी रहेको र त्यहाँ केही कामदार फसेको जनाएको छ । खानीमा ग्यास जमेकाले खोजी कार्य कठिन भएको जनाइएको छ ।

स्थानीय समयअनुसार शनिबार राति ९:०० बजे भएको विष्फोटमा परी अन्य १७ जना घाइते भएको इर्नाले जनाएको छ । मिथेन ग्यासको चुहावटका कारण खानीको दुई ब्लकमा विष्फोट भएको बताइएको छ । सरकारी टेलिभिजनले घाइतेलाई अस्पताल पुऱ्याउन एम्बुलेन्स र हेलिकप्टर घटनास्थलमा पुगेको फुटेज प्रसारण गरेको छ । इर्नाले सार्वजनिक गरेको अनलाइन फुटेजमा केही पीडितको शव खानीको ठेलामा राखेर घटनास्थलबाट बाहिर निकालिएको देखिएको छ ।

न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघको महासभामा भाग लिन प्रस्थान गर्नुअघि राष्ट्रपति मसूद पेजेस्कियानले सरकारी टेलिभिजनमार्फत सम्बोधन गर्दै मृतकका परिवारप्रति समवेदना प्रकट गर्दै घटनाको छानबिन गर्न आदेश दिएका छन् ।

'दुर्भाग्यबस, तबासको एउटा कोइला खानीमा एउटा दुर्घटना भएको छ र हाम्रा धेरै प्रियजनहरूले ज्यान गुमाएका छन् । म उनीहरूका परिवारजनप्रति समवेदना प्रकट गर्दछु,' पेजेस्कियानले भने ।

इरानका प्रथम उपराष्ट्रपति मोहम्मद रेजा अरेफले 'आपत्कालीन फलोअप' सुनिश्चित गर्न र पीडित र उनीहरूका परिवारका लागि सहयोग सुनिश्चित गर्न मन्त्रीपरिषद्का सदस्यहरूसँग कुराकानी गरेको इर्नाले जनाएको छ । इरानको रेड क्रिसेन्टले खानीमा खोजी तथा उद्धार कार्य जारी रहेको र त्यहाँ केही कामदार फसेको जनाएको छ ।

स्थानीय अभियोजक अली नेसेईलाई उद्धृत गर्दै इर्नाले भनेको छ, 'खानीमा ग्यास जमेकाले खोजी कार्य कठिन भएको छ । अहिले हाम्रो प्राथमिकता घाइतेलाई सहयोग गर्नु र भग्नावशेषमुनिबाट मानिसहरूलाई निकाल्नु हो । सम्बन्धित संस्था वा खानीका अधिकारीको लापरवाही र गल्तीबारे छानविन गरिने छ ।' गत वर्ष उत्तरी सहर दमघानमा रहेको कोइला खानीमा भएको विष्फोटमा परी छ जनाको मृत्यु भएको थियो भने सन् २०२१ को मे महिनामा सोही स्थानमा दुई जना कामदारको मृत्यु भएको थियो । सन् २०१७ मा उत्तरी इरानको आजाद सहरमा भएको विष्फोटमा ४३ जना कामदारको मृत्यु भएको थियो । *रासस/एएफपी*


## कतारमा रोजगार

कम्पनी : MINAWA CLEANING AND HOSPITALITY

पूर्व स्वीकृति मिति २०८०/04/03 | पुन विज्ञापन स्वीकृति मिति २०८१/०६/०६ | LT. No. 289531 | चलानी नं. ६०२०४८२२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 7 | 3600 | १३०,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 1500 | ५४,२८० | | | | | | | |
| 3 | Executive sales | 1 | 0 | 2500 | ९०,४६५ | | | | | | | |
| 4 | Foreman | 0 | 1 | 2500 | ९०,४६५ | | | | | | | |
| 5 | General clean worker | 1 | 1 | 1000 | ३६,३०० | | | | | | | |
| 6 | Helper | 6 | 0 | 1000 | ३६,३०० | | | | | | | |
| 7 | Sales supervisor | 1 | 0 | 3000 | १०८,५६० | | | | | | | |
| 8 | Supervision | 0 | 1 | 3000 | १०८,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074
MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## कुवेतमा रोजगार

कम्पनी : THE NATIONAL GROUP CATERING COMPANY.

पूर्व स्वीकृति मिति : २०८०/०८/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 295747 | चलानी नं. ६०२१०७९६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging & Wrapping Worker | 25 | 0 | 110 | ४८,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Product Packer Worker | 25 | 0 | 110 | ४८,२६० | | | | | | | |
| 3 | Waiter/waitress | 20 | 29 | 110 | ४८,२६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ८३४/०६६/०६७
CHANDANI MANAGEMENT SERVICES PVT. LTD.
Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522
E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## युएईमा रोजगार

कम्पनी : SHAJARAT ALDOR TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 311202 | चलानी नं. ६०२२५७०६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 3 | 0 | 800 | २९,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

PREMIUM HR Govt. License 1631/080/081
PREMIUM HUMAN RESOURCE
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

## साउदीमा रोजगार

कम्पनी : Zahran Operations & Maintenance co

पूर्व स्वीकृति मिति २०८१/०६/०४ | LT. No. 311160 | चलानी नं.६०२२५६७३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker | 75 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

RECENT JOB PLACEMENT PVT. LTD
श्रम इजाजत नं. १३१८/०७४/०७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा रोजगार

कम्पनी : TABAYIN CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 310991 | चलानी नं. ६०२२५६११

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

SKY BLUE H.R. SOLUTION PVT.LTD
श्रम इजाजत नं.१६६४/०८०/०८१
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

## युएईमा रोजगार

कम्पनी : SABAH AL MAHAL TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०२/१४ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 305466 | चलानी नं. ६०२२०२००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1200 | ४३,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 6 | 0 | 1200 | ४३,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ४९७/०६१/०६२
Shuvam Overseas Employment Pvt. Ltd.
Mitranagar-29, New Buspark Kathmandu, Nepal, Tel : +977-1-42160043,
Mobile: 9851073220, 9851196634, 9846061401, E-mail : shuvamoves123@gmail.com, Website : www.shuvamoverseas.com

## युएईमा रोजगार

कम्पनी : IMDAAD L.L.C.

पूर्व स्वीकृति मिति: २०८०/०७/२० | पून : विज्ञापन स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 294811 | चलानी नं. ६०२२०४१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/general Labourer | 350 | 0 | 800 | २९,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner/janitress | 0 | 350 | 900 | ३२,८१५ | | | | | | | |
| 3 | Life Guard | 25 | 25 | 1625 | ५५९,२५० | | | | | | | |
| 4 | Office Boy | 50 | 0 | 1200 | ४३,७५५ | | | | | | | |
| 5 | Office Girl | 0 | 50 | 1200 | ४३,७५५ | | | | | | | |
| 6 | Rope Access Machine Operator | 25 | 0 | 1500 | ५४,६९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

श्रम इजाजत नं. १६५२/०८०/०८१
Yovant Recruitment Services PVT. LTD.)
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com

## साउदीमा रोजगार

कम्पनी : SAAD SAEED ALZAHRANI INDUSTRIAL FACTORY

पूर्व स्वीकृति मिति : २०८०/०६/०४ | LT. No. 311066 | चलानी नं. ६०२२५६००

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Stone Crusihing Machine Operator | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Stone Marble Burnish Mach Operator | 2 | 0 | 1200 | ४२,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. १०८८/०७३/०७४
Al Noor Overseas Pvt. Ltd
Samakhushi-26, Kathmandu, Nepal Phone : +977-4983094, 4960824
E-Mail : operation.alnoor@gmail.com, mktmp.alnooroverseas@gmail.com, Website : www.alnooroverseas.com

## युएईमा रोजगार

कम्पनी : Green Image Landscaping & General Contracting LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/०४ | LT. No. 311090 | चलानी नं. ६०२२५६७०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 11 | 0 | 1100 | ३९,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

Govt. License 1503/074/75
BIGYAN HR MANAGEMENT PVT. LTD.
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## कुवेतमा रोजगार

कम्पनी : Al-Taher Company For Delivering Consumer Orders

पूर्व स्वीकृति मिति : २०८१/०६/०६ | LT. No. 311201 | चलानी नं.६०२२५७०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVER | 20 | 0 | 150 | ६५,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: नि:शुल्क

श्रम इजाजत नं. १६०२/०७९/०८०
BRIGHT FUTURE HR SOLUTION PVT. LTD.
KMC-3, Kathmandu, Nepal, Tel: 01-5914632
Mob: 9861980049, 9762884218, 9861497878, Email: brightfuturehrsolution1602@gmail.com

## युएई/कुवेतमा रोजगार

कम्पनी : A S C O BUILDING CONTRACTING LLC | सेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८१/०६/०५ | LT. No. 311174 | चलानी नं. ६०२२५६८६

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Erector Steel ( Construction) | 60 | 0 | 1500 | ५४,५२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Fabricators | 50 | 0 | 1500 | ५४,५२५ | | | | | | | |
| 3 | Riggers | 60 | 0 | 1500 | ५४,५२५ | | | | | | | |
| 4 | Scaffolder | 20 | 0 | 1500 | ५४,५२५ | | | | | | | |

कम्पनी : GEZE DOOR COMPANY FOR GENERAL BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०७ | LT No. 306834 | चलानी नं ६०२२१६०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 5 | 0 | 140 | ६१,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 140 | ६१,४२० | | | | | | | |
| 3 | Electrician | 4 | 0 | 140 | ६१,४२० | | | | | | | |
| 4 | Labour | 5 | 0 | 140 | ६१,४२० | | | | | | | |
| 5 | Painter | 4 | 0 | 140 | ६१,४२० | | | | | | | |

कम्पनी : CHOC LATE RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/०७ | LT. No. 310418 | चलानी नं. ६०२२५६८७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper (Indoor) | 5 | 5 | 100 | ४३,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Light Drivers | 1 | 0 | 135 | ५९,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज १४ गते (30th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

श्रम इजाजत नं. ७५१/०६४/०६५
Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १५८८०० | प्रति तोला – ० | प्रति तोला – १९२० |



**मनमोहक तिम्बुङ पोखरी क्षेत्र** | हिमाली क्षेत्रमा पाइने विभिन्न प्रजातिका फूलले मनमोहक देखिएको ताप्लेजुङस्थित तिम्बुङ पोखरी आसपासको क्षेत्र। *तस्बिरः सन्तोष पुर्कुटी/रासस*

# दुई महिनामा साढे ९४ अर्ब थपियो सरकारी ऋण

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को पहिलो दुई महिनामा ९४ अर्ब ५२ करोड रूपैयाँ सरकारी ऋण थपिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष सुरु हुँदा २४ खर्ब ३४ अर्ब नौ करोड रूपैयाँ रहेको सार्वजनिक ऋण भदौ मसान्तसम्म बढेर २५ खर्ब २८ अर्ब ६२ करोड रूपैयाँबराबर पुगेको छ। हालसम्मको कूल सार्वजनिक ऋण मुलुकको कूल गार्हस्थ उत्पादन (जिडिपी) को ४४.३२ प्रतिशतबराबर हो।

चालु आर्थिक वर्ष सुरु हुँदा आन्तरिक ऋण ११ खर्ब ८० अर्ब ९० करोड रूपैयाँबराबर रहेकामा भदौ मसान्तसम्ममा बढेर १२ खर्ब ३५ अर्ब ९० करोड रूपैयाँ पुगेको छ। जिडिपीका आधारमा आन्तरिक ऋणको अनुपात २१.६६ प्रतिशतबराबर हो। यो दुई महिनामा सरकारले ९० अर्ब रूपैयाँ आन्तरिक ऋण उठाउँदा ३५ अर्ब रूपैयाँबराबर ऋण तिरेको छ।

त्यस्तै, भदौ मसान्तसम्म तिर्न बाँकी बाह्य ऋण १२ खर्ब ९२ अर्ब ७१ करोड रूपैयाँ छ। चालु आवको सुरुआतमा बाह्य ऋण १२ खर्ब ५३ अर्ब १९ करोड रूपैयाँबराबर थियो। पछिल्लो दुई महिनामा सरकारले बाह्य ऋणको साँवा र ब्याज भुक्तानीमा १४ अर्ब पाँच करोड रूपैयाँ खर्च गरेको छ भने यही अवधिमा चार अर्ब ६७ करोड रूपैयाँबराबर बाह्य ऋण थपेको छ। जिडिपीको तुलनामा बाह्य ऋण २२.६६ प्रतिशत बराबर हो।

चालु आर्थिक वर्षका लागि सरकारले पाँच खर्ब ४७ अर्ब रूपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य लिएकामा भदौ मसान्तसम्ममा एक खर्ब चार अर्ब पाँच करोड रूपैयाँ ऋण उठाइसकेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले जानकारी दिए। वार्षिक लक्ष्यको तुलनामा यो अवधिको सार्वजनिक ऋण प्राप्ति १८.६६ प्रतिशतबराबर हो।

चालु आर्थिक वर्षका लागि सरकारले सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी गर्ने प्रयोजनका लागि कूल चार खर्ब दुई अर्ब रूपैयाँ बजेट छुट्याएको छ। भदौ मसान्तसम्ममा ४७ अर्ब ७१ करोड ५१ लाख रूपैयाँबराबर साँवा ब्याज भुक्तानी भइसकेको छ। यो अवधिको साँवा ब्याज भुक्तानी वार्षिक बजेट विनियोजनका आधारमा ११.८४ प्रतिशतबराबर हो। जिडिपीको आधारमा भदौ मसान्तसम्मको कूल ऋण सेवा खर्च ०.८४ प्रतिशतबराबर हो।

## उद्योगमन्त्री भण्डारी र भुटानीमन्त्री छिरिङबीच भेट

# पर्यटन क्षेत्रमा दुई देशबीच सहकार्यमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग भुटानका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री ल्योन्पो जेम छिरिङले शिष्टाचार भेट गरेका छन्।

'इन्टरनेसनल सेन्टर फर इन्टिग्रेटेड माउन्टेन डेभलपमेन्ट'ले यही सातादेखि काठमाडौंमा आयोजना गर्न लागेको दोस्रो हिन्दूकुश हिमालय मन्त्रीस्तरीय पर्वतीय शिखर सम्मेलनमा भाग लिन आएका मन्त्री छिरिङ र मन्त्री भण्डारीबीच आइतबार सिंहदरबारस्थित मन्त्रालयमा भेटवार्ता भएको हो। सो अवसरमा मन्त्री भण्डारीले नेपाल र भुटानबीच गहिरो सामाजिक-सांस्कृतिक सम्बन्ध रहेको तथा जनस्तरमासमेत सुमधुर सम्बन्ध रहेको बताए।

उनले भने, 'भूपरिवेष्ठित भूवनावट, हिमाली भूगोल, विकासका चुनौती र जलवायु परिवर्तनको सामनालगायतका विषय हाम्रा साझा मुद्दा हुन्।' भुटान अति कम विकसित राष्ट्रबाट स्तरोन्नति भएकामा मन्त्री भण्डारीले भुटानी मन्त्री छिरिङलाई बधाई ज्ञापन गरे। 'भुटानको स्तरोन्नतिको यात्राले अन्य अतिकम विकसित राष्ट्रहरूका लागि विशेषगरी नेपालजस्ता भूपरिवेष्ठित राष्ट्रका लागि महत्त्वपूर्ण अनुभव हुन सक्छ, द्विपक्षीय सम्बन्धलाई थप सुदृढ बनाउन द्विपक्षीय संसदीय समूहले महत्त्वपूर्ण भूमिका खेल्नसक्छ, नेपालको संघीय संसद्ले नेपाल-भुटान संसदीय मैत्री समूह गठन गरेको जानकारी गराउन पाउँदा मलाई खुसी लागेको छ,' मन्त्री भण्डारीले भने।



नेपाल र भुटानले दुई देशबीचको व्यापारको पूर्णसम्भावनालाई साकार पार्न प्राथमिकतामा आधारित व्यापार वार्ता सम्झौता गरिरहेको उनले बताए। मन्त्री भण्डारीले भने, 'नेपाल र भुटान दुवै संयुक्त राष्ट्रसंघ, असंलग्न आन्दोलन (नाम) र क्षेत्रीय सहयोगका लागि दक्षिण एसियाली संगठन (सार्क) लगायत विभिन्न अन्तर्राष्ट्रिय संस्थाका सदस्य रहेर र यी संस्थामा हाम्रा साझा विषयहरूमा पहल गरिरहेका छौं।'

नेपालको सामाजिक तथा आर्थिक विकासका लागि जलविद्युत् विकास, वातावरण संरक्षण, अर्गानिक कृषि प्रविधि, उद्योगको क्षेत्रमा भुटानी अनुभव, ज्ञान, सीप र प्रविधिबाट नेपालले लाभान्वित हुन चाहेको मन्त्री भण्डारीको भनाइ थियो। विकसित हुँदै गइरहेको व्यापार सम्बन्धले दुवै देशले आ-आफ्नो अर्थतन्त्रमा सकारात्मक योगदान गर्दै आर्थिक आदानप्रदानबाट प्राप्त हुने पारस्परिक लाभ लिन सकिने उनको भनाइ थियो। उनले नेपालले भुटानको सफल जलविद्युत् विकासबाट महत्त्वपूर्ण पाठ सिक्नसक्ने बताए।

भुटानका मन्त्री छिरिङले नेपाल र भुटानको पर्यटन क्षेत्रमा दुवै देशबीच सहकार्य आवश्यक रहेको औंल्याए। उनले धार्मिक रूपमा भुटानी नागरिकलाई स्वयम्भू र लुम्बिनी भ्रमणमा नेपाल सरकारले सहजता प्रदान गर्नुपर्नेमा जोड दिए। साथै मन्त्री छिरिङले दुई देशबीच विद्युत्को क्षेत्रमा पनि सहकार्य आवश्यक रहेको बताए।

# सुनसरी-मोरङ सिँचाइ आयोजनाको समस्या समाधान गर्न निर्देशन

**काठमाडौं (प्रस)–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सुनसरी-मोरङ सिँचाइ आयोजनामा देखिएका समस्या समयमा समाधान गर्न सरोकार भएका निकायलाई निर्देशन दिएका छन्।



सुनसरीको बराहक्षेत्र नगरपालिका-१ मा स्थित सिँचाइ आयोजनाको इन्टेकको आइतबार निरीक्षण गर्दै मन्त्री खड्काले आयोजना सञ्चालनका क्रममा देखिएका समस्या तत्काल समाधान गर्दै किसानका खेतबारीमा सिँचाइ पुर्‍याउन निर्देशन दिएका हुन्। 'कृषिप्रधान देशमा सिँचाइको अभाव हुनुहुँदैन, बिग्रेका उपकरण यथाशीघ्र मर्मतसम्भार गरेर किसानको खेतबारीमा सिँचाइ पुर्‍याउनुहोस्,' उनले भने।

मन्त्री खड्काले आइतबार नै कोसी नदीबाट सुनसरी र मोरङ जिल्लामा सिँचाइ लैजान प्रयोग गरिएको 'डेजि्रङ पद्धति'को अनुगमन गरेका थिए। उक्त उपकरणको लम्बाइ ९९६० मिटर, चौडाइ ८० मिटर र गहिराइ १० मिटर रहेको छ। सो उपकरणले इन्टेकबाट मूल नहरमा छिरेको बालुवा तथा ग्रेगानलाई झिक्ने काम गर्ने सिँचाइ आयोजना कार्यालयले जनाएको छ। वि.सं. २०५२ मा निर्माण भएको दुईवटा उपकरणमध्ये हाल एउटामात्र सञ्चालनमा छ।

मन्त्री खड्काले बिग्रेका उपकरणको तत्काल मर्मत गर्नुका साथै त्यसको विकल्पमा नयाँ प्रविधिको अध्ययन गरेर सञ्चालनमा ल्याउनसके सिँचाइ सुविधामा सहयोग पुग्ने बताए। सुनसरी-मोरङ सिँचाइ आयोजनामार्फत हाल सुनसरीको ४० हजार र मोरङको २८ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सेवा उपलब्ध हुँदै आएको छ।

निरीक्षणका क्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडी, मन्त्रालयका वरिष्ठ ऊर्जाविज्ञ प्रवल अधिकारी, सिँचाइ विभागका उपमहानिर्देशक दिनेश भट्टलगायत सहभागी थिए।

# 'नेपालको अर्थतन्त्र सुधारोन्मुख'

**काठमाडौं (प्रस)–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को एसिया प्रशान्त क्षेत्रकी उपनिर्देशक रूपा दत्तगुप्ताबीच शिष्टाचार भेट भएको छ।

अर्थ मन्त्रालयमा आइतबार भएको भेटमा उपनिर्देशक दत्तगुप्ताले नेपालको अर्थतन्त्र सुधार हुँदै गएको आफूले पाएको बताइन्। उनले नेपालमा लागानी सहजीकरणसम्बन्धी कानुनहरू परिमार्जन हुँदै गएको, राजस्व परिचालन रणनीति कार्यान्वयनमा आएको, अर्थतन्त्रसम्बन्धी विभिन्न सुझावहरू कार्यान्वयन हुँदै गएकाले आफू उत्साहित भएको धारणा व्यक्त गरिन्। सो अवसरमा अर्थमन्त्री पौडेलले अर्थतन्त्रलाई सुदृढ गर्न सरकारले योजनाबद्धरूपमा काम गरिरहेको जानकारी गराएका थिए।

# लोमान्थाङ बजारको चक्रपथ स्तरोन्नति सुरू

**म्याग्दी–** मुस्ताङको धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्त्वको बस्ती लोमान्थाङ बजारको चक्रपथ सडक स्तरोन्नतिको काम थालिएको छ। पूर्वाधार विकास कार्यालय मुस्ताङले गण्डकी प्रदेश सरकारको बजेटबाट लोमान्थाङको प्रवेशद्वारदेखि माटोको पर्खालले घेरिएको सडकलाई ढलान गरेर स्तरोन्नति सुरु गरेको हो।

गत साउन २९ गते तीन करोड २३ लाख १८ हजार रूपैयाँ ठेक्का सम्झौता गरेअनुसार निर्माण कम्पनीले सडक ढलानका लागि प्रारम्भिक चरणको काम सुरु गरेको पूर्वाधार विकास कार्यालय मुस्ताङका सूचना अधिकारी घनश्याम रोकाले जानकारी दिए। सम्झौतानुसार २०८२ माघ २८ गतेसम्म काम सक्नेगरी नाली निर्माण र दुई किलोमिटर लम्बाइ र सात मिटर चौडाइमा आरसिसी ढलान गरिने उनले बताए। आयोजनाका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा ९६ लाख रूपैयाँ विनियोजन गरेको छ।

कच्ची सडकको धुलो र हिलोले स्थानीयवासी तथा पर्यटकलाई प्रभावित बनाएपछि मौलिकतालाई असर नपर्नेगरी सडक ढलान गर्न लागिएको लोमान्थाङका वडाध्यक्ष ढुढुके विष्टले बताए। यसअघि सघन सहरी तथा भवन निर्माण आयोजना बागलुङ र लोमान्थाङ गाउँपालिकाले यहाँको सडक, पैदलमार्ग र गल्लीमा ढुंगा बिछ्याएका थिए। यहाँ पर्खालभित्रको मागमा दरबार, गुम्बा र पुरानो बस्ती रहेको छ भने बाहिर पनि नयाँ बस्ती छ।

सघन सहरी तथा भवन निर्माण आयोजनाको एक करोड २७ लाख रूपैयाँको लागतमा पर्खालभित्रको पदमार्गमा चार हजार ४४.२५ वर्गमिटर क्षेत्रफलमा स्लेटढुंगा छाप्ने काम भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा गाउँपालिकाको ६५ लाख २८ हजार रूपैयाँको लागतमा स्लेटढुंगा छपान गर्ने काम भएको गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले जानकारी दिए। यो क्षेत्र चीनको स्वशासित क्षेत्र तिब्बतसँग सिमाना जोडिएकाले पनि उच्च महत्त्व दिएर सुधारका काम भइरहेका उनले बताए। *रासस*

# दोहोरो अंकले बढ्यो नेप्से

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन सेयरबजारमा सुधार आएको छ। आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको सुधार देखिएको हो। आइतबार नेप्से परिसूचक ११.५८ अंकले बढेर दुई हजार ५८८.३५ को अंकमा रोकिएको छ।

आइतबार ३२५ कम्पनीको एक करोड २४ लाख ८५ हजार ७३१ कित्ता सेयर ७२ हजार ९५७ पटक खरिदबिक्री हुँदा पाँच अर्ब नौ करोड २९ लाख ४८ हजार रूपैयाँबराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

वित्त समूह ०.३१, होटल तथा पर्यटन ०.६१, उत्पादन तथा प्रशोधन ०.१९, लघुवित्त ०.१८ र म्युचुअल फन्ड ०.१० प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा बढी बैंकिङ समूह १.०१ प्रतिशतले बढेको छ। विकास बैंक ०.६६, जलविद्युत् ०.३१, लगानी ०.६२ र जीवन बिमा समूह ०.२४ प्रतिशतले बढेको छ। त्यस्तै, निर्जीवन बिमा समूह ०.४७, व्यापार ०.०७ र अन्य समूह ०.४१ प्रतिशतले बढेको छ।

इस्टर्न हाइड्रोपावर लिमिटेड, आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र अपर सांगी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा आइतबार सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै रावा इनर्जी डेभलपमेन्ट लिमिटेडको सेयर मूल्य ८.६५ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा धेरै सिइडिबी हाइड्रोपावर डेभलपमेन्ट लिमिटेडको कम्पनी लिमिटेडको २७ करोड ८० लाख २७ हजार रूपैयाँबराबरको सेयर खरिदबिक्री भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा भने एनएमबि सुलभ इन्भेस्टमेन्ट फन्ड-२ को छ लाख ४७ हजार २०३ कित्ता किनबेच भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ